# वचनको खातिर निन्दा लिनु

धन्यवाद, भाई नेभिल।

मैले भाई नेभिललाई भने, "यस बिहान तपाईले थोरै पनि अभिषेक पाउनुभएको छैन भन्ने कुरामा तपाई निश्चित हुनुहुन्छ?"

2 म तल बिरामीहरुको लागि प्रार्थना गर्न आउछु। त्यहाँ केहि मानिसहरु यहाँ भेला हुनुहुन्थ्यो जुनमा हामी...आइतबारको सबेरै बिहानीमा। मैले त्यहाँ के समात्न पर्नेछ, केवल मैले उहाँहरुलाई यहाँ मण्डलीमा ल्याउनुपर्छ। र म—मलाई सधै लाग्छ कि यो बिरामीहरुलाई मण्डलीको वरपर प्रार्थना गर्नु नै उत्तम हो। मलाई थाहा छैन। मलाई मण्डली मन पर्छ, र यहाँ तल आउन जहाँ मण्डली, मानिसहरु यहाँ प्रार्थना गरिरहेका हुन्छन्।

3 र त्यहाँ पछाडि एउटी सानी केटी थिईन्, सुन्दर सानी केटी, किन, मलाई लाग्छ उनी यहिकतै बाहिर बसिरहेकी छिन् अहिले, यदि मानिसहरु घर गएका छैनन् भने। ओ, म अहिले देख्छु। र त्यो सुन्दर सानी केटी हुनुहुन्छ। र उनी एकदम बिमार छिन्। र हामीले सुनिरहेका थियौ, जब हामीले अन्यभाषाका सन्देश र उल्था भईरहेका सुन्यौ। र हामीहरु सुन्दै थियौ, र हामी सोच्यौ हामीले सानी केटीको बारेमा भनेको केहि कुरा बुज्यौ। र हामी हेर्नलाई प्रतिक्षा गरिरहेका थियौ कतै प्रभुले एउटा सन्देश दिनुहुन्छ कि, त्यहाँ भित्र बताउनको लागि। तर मलाई लाग्छ सानी केटी अहिले ठिक छिन्, र निको हुन जाँदैछिन्। र त्यसैले...

4 र त्यहाँ एकजना महिला हुनुहुन्थ्यो जसले आफ्नो दृष्टि पनि, गुमाउनुभएको थियो, र हामी उहाँको लागि प्रार्थना गरिरहेका थियौ। र केहि मानिस त्यहाँ बाहिर एम्बुलेन्समा, एउटा सेवक। मलाई लाग्दैन त्यो मानिस पैतिस, वा चालिस पाउण्ड वजनसम्मको थियो भनि। केवल—केवल धेरै, एकदम...र त्यसैले म तिनीहरुको निम्ति प्रार्थना गर्नलाई तल आएको छु।

5 र म धेरै, हिचकिचाई रहेको थिए, फिलिंग मेरो दाँतबाट खसेको थियो। र आज बिहान, म आफैमा सिट्ठी बजाउदैछु, आज बिहानमा, मेरो दाँतको त्यो हिस्साको, त्यहाँ अगाडि। र अहिले तिनीहरुले मलाई भन्छन् कि मैले पिसेर निकाल्नुपर्छ, र त्यसमा छोप्ने लगाउनुपर्छ। र त्यसैले मलाई थाहा भएको कुरा भनेको नै केवल, यो बुढेसकालले बस समाउदै गईरहेको छ, र

मैले त्यो एउटामा भरेको थिए, र एक प्रकारले त्यसको आधा थियो, र जब म बोल्न थाले, तपाईले यो महसूस गर्न सक्नुहुन्छ, हावाल एक प्रकारको बाहिर धकेल्छ, तपाई—तपाईलाई थाहा छ मेरो मतलब के हो, तपाईको ओठबाट बाहिर। र यसले तपाईलाई एक प्रकारले तोत्लाउने खालको, बनाउछ।

6 यस बिहानीमा हामी जिउँदै, र मण्डलीमा आउन सक्षम हुन पाउनु साचै नै सौभाग्य पाएका मानिसहरु हौँ। र ख्रीष्टमसको यो पूर्व संध्यामा, तिनीहरुसँग हुने त्यो उत्सवको लागि पर्खिदै, जुन, म—म आशा गर्छु म...त्यहाँ यस बिहानमा धेरै बच्चाहरु हुनुहुन्छ, त्यसैले म स्थिर रहनेछु। बुझ्नुभयो? र हामी वयस्कहरु, कहिलेकाहि, हामी ती कुराहरु गर्छौं जुन बच्चाहरुले सुन्नु समेत हुदैन, तपाईलाई थाहा छ।

7 तर, मल लाग्छ मण्डलीसँग यहाँ साना नानिहरुको लागि एउटा सानो उपहार छ, केहि समय पछि। मैले भर्खरै त्यसलाई हेर्दै थिए, त्यहाँ पछाडि। ओ, तपाई बस्न चाहनुहुन्छ। आईतबारे विद्यालय पछि, तपाई बसिरहनुहोस्, हेर्नुहोस्, किनकि म—मलाई लाग्छ तिनीहरुसँग साना साथीहरुको लागि त्यहाँ पछाडि केहि उपहारहरु छन्, आज बिहान दिनको लागि। र जब म...तपाई साना साथीहरु, याद गर्नुहोस्, हामीले यो गर्दै गर्दा, म तपाईलाई यो कुरा स्पष्ट पार्न चाहन्छु, यो स्यान्टा होइन, किनकि त्यो यस्तो एउटा कथा हो जुन कुनै दिन तपाईले यो यससँग सरोकार छैन भनि सिक्नुहुनेछ। तर यो येशू ख्रीष्टबाट हो, सबै सत्यहरुको पनि सत्य, तपाई देख्नुहुन्छ, परमेश्वरको पुत्र। र हामी तपाईलाई यो सानो उपहार दिदैछौ, यस बिहानमा। किनभने यसले तपाईलाई यो थाहा गराईरहेको छ कि एक पटक परमेश्वरले मानव जातिलाई दिनसक्ने सबैभन्दा महान उपहार दिनुभयो: उहाँको पुत्र। र हामीसँग एउटा कमजोर तरिका छ, यसलाई अभिव्यक्त गर्ने। र त्यसको तुलनामा त्यहाँ हामीले दिनसक्ने केहि पनि छैन। तर मरणशीलको रूपमा, एउटा अर्कामा, हामीले त्यो गर्छौं।

8 अब, म अर्को आईतबारसम्म कुर्न लाग्दैथिए। र सम्भवतः गर्नेछु, जसरी पनि, केहिकुरामा जे म भन्न चाहन्थे। र केहि कुरा—कुरा हामीमा परिचित गराईएको छ, घरमा, एउटा दर्शनको बारेमा, जुन मैले पछ्याउनुपर्दछ। र यो एक प्रकारले...यो एक प्रकारले, यस्तो देखिन्छ, जुन एक खालको कडा देखिन्छ, तर परमेश्वरले के भन्नुहुन्छ त्यो कडा छ भनि हामी कहिल्यै सोच्न

चाहदैनौ। उहाँको—उहाँको बोझ हल्का छ।

9 र अर्को आईतबार, परमेश्वरको इच्छा भए, हामीले यहाँ एउटा—एउटा सेवा गर्नेछौ जुन ठिक नयाँ वर्षको पूर्व सन्ध्यामा हुनेछ, यदि यी सबै सेवा गर्नको निम्ति प्रभु प्रसन्न हुनुहुन्छ भने। र हामी बिहानीको सेवा, बिरामीको लागि प्रार्थना गर्न, र शायद एउटा बप्तिष्माको सेवा गर्न चाहन्छौ। त्यसपछि मैले सोचे, हाम्रा साथीहरुमा विज्ञापन गर्ने, ताकी उहाँहरु आउन सक्नेछन्। त्यसपछि हामीसँग आईतबारको बिहान र आईतबारको रात हुनेछ। र त्यसपछि मानिसहरु नयाँ वर्षको लागि बस्न चाहन्छन्, त्यसपछि हामीसँग एउटा...हामीसँग एउटा घडी हुनेछ, यो समयमा? [भाई नेभिलले भन्नुहुन्छ, "हो।"—सम्पा।]

10 त्यहाँ धेरै सेवकहरु हुनुहुनेछ, जो नयाँ वर्षको रातमा बोल्नुहुनेछ, मध्यरातसम्म हुनुहुनेछ। र—र हामी त्यस्ता सेवकहरुलाई आएर बोल्नको निम्ति आमन्त्रित गर्छौ। प्रभुको इच्छा भए, म ती मध्ये एक हुन चाहन्छु जसले नयाँ वर्षको रातमा केहि भन्न चाहन्छु।

11 र त्यसपछि अर्को आईतबार, मैले सोचे कि मैले ती कामहरुको एउटा पंक्ति ल्याउनेछु जुन गरिएको छ, जुन गरिएको छ, परमेश्वरले आफ्ना मानिसहरुसँग कसरी व्यवहार गरिरहनुभएको छ भनि देखाउन, र यसलाई यहाँ मण्डलीमा, ठिक एउटा—एउटा चरमोत्कर्षमा ल्याउनेछु।

12 र तपाईहरु धेरैजना यो आयकर मामिलाको बारेमा सोच्दै हुनुहुन्छ जुनबाट हामी जाँदैछौ। यो मिलिसकेको छ। र त्यसैले म त्यो कसरी हुन पुग्यो, त्यो पनि भन्न चाहन्छु। र मलाई लाग्छ, यो हुनेछ, यसलाई फेरी पनि भन्न पर्नेछ, अर्को आईतबार, त्यसैले म अर्को आईतबारसम्म कुर्नेछु। र तपाईमा थोरै बोल्ने कोशिष गर्छु, यस बिहानीमा, परमेश्वरको वचनबाट। बुझ्नुभयो? र अर्को आईतबार, म—कोशिष गर्नेछु, यदि परमेश्वरको इच्छा भए, यो सबै कसरी आयो भनि, र प्रभुले भन्नुभएको हरेक कुरा तपाईको माझमा ल्याउनको लागि। र यसले ठिक ठाउँमा प्रहार गरेको हेर्नुहोस्, ठिक त्यहि ठाउँमा राखिएको छ। बुझ्नुभयो? उहाँले केहि पनि कुरा गलत भन्नुहुदैन।

13 तर, अब, यस बिहान एउटा कुरा म भन्न चाहन्छु, जुन शायद म गर्नेछैन, त्यो अर्को आईतबार गर्नेछैन, हिजो भएको कुरासँग सम्बन्धित हो। म यस बिहान आउनको लागि थोरै अनिच्छुक थिए, किनभने म वास्तवमै एक

प्रकारले च्यातिएको थिए, ताकी मलाई—मलाई त्यस्तो महसूस हुन्न। तर म यहाँ आईसकेपछि, ठिक छ, मैले सकेसम्मको कोशिष गर्नेछु।

14 गत राति, मसँग साथीभाईहरु हुनुहुन्थ्यो, भाई र बहिनी सोथमन, जस्तो यहाँ हामीलाई थाहा छ, मण्डलीका ट्रस्टीहरु मध्ये एकजना, र उनकी श्रीमती, श्रीमती र मलाई भेट्न आउनुभयो। र हामीले फिनिक्स र त्यहाँ वरिपरी हुन लागेको आउदै गरेको सभाको बारेमा बोल्दै थियौ, यदि यो प्रभु इच्छा हो भने। र हामी त्यहाँ लगभग दस–तिससम्म थियौ, मलाई अनुमानमा, र म ओच्छ्यानमा करिब एघार बजेतिर गएको थिए।

15 र रातको समयमा कुनै बेला, मैले एउटा सपना देखे। र यस सपनामा मैले कसैलाई देखे जो मेरो पिता हुनुपर्ने थियो; एउटा महान, विशाल मानिस, बस प्रतिनिधित्व गर्दै, आलंकारिक रूपमा भन्नुपर्दा, मेरो पिता। मैले एउटा महिला देखे, जो मेरी आमा जस्ती देखिन्न थिईन्; तर, अझै पनि, उनी मेरी आमा हुनपर्ने थिईन्। र यो मानिसले (जुन पिता जस्तो हुन पर्नेथियो, यस महिलाको पति) उनलाई क्रूरता पूर्वक दुर्व्यवहार गर्दै हुनुहुन्थ्यो, यहाँसम्म उहाँसँग एउटा काठको ठूलो दाउरो थियो, उहाँले उनलाई *यसरी* समाउनुहुन्थ्यो र उहाँलाई यो काठको दाउरोले हिर्काउनुहुन्थ्यो, र उनी लडेर तल जाने गर्थिन्। र त्यसपछि—र त्यसपछि, केहि समय पछि, उनी फेरी उठ्थिन। र उहाँ चारैतिर हिड्नुहुन्थ्यो, उनलाई फेरी हिर्काउने सोच बनाउनुहुन्थ्यो, र उहाँले फेरी उनलाई हिर्काउनुहुन्थ्यो। र म दूरीमा उभिरहेको थिए, यसलाई हेरिरहेको थिए।

16 अन्त्यमा, म यसबाट दिक्क भए। र म यस मानिसभन्दा धेरै नै सानो थिए, त्यस मानिस मेरो पिता जस्तै हुनपर्ने थियो। त्यसैले म उहाँको नजिक गए र उहाँको अनुहारमा मेरो औँला राखे। मैले भने, "उनलाई फेरी नहिर्काउनुस्।" बुझ्नुभयो? र जब मैले त्यसो गरे, केहि कुरा हुन थाल्यो। मेरो हातहरुको नशा फुल्न थाल्यो, र म ठूलो भए, ठूला मांसपेशीहरु देखिए। मैले त्यस्तो मांशपेशी कहिल्यै देखेको थिईन। र मैले त्यस मानिसको कलर मा समाते, र मैले भने, "उनलाई फेरी नहिर्काउनुस्। यदि तपाईले त्यसो गर्नुभयो भने, यदि तपाईले उहाँलाई फेरी पनि हिर्काउनुभयो भने तपाईले मेरो सामना गर्नुपर्नेछ।" र त्यो मानिस मसँग डरायो, र उनलाई एक्कै छोडिदियो। अनि म ब्युँझिए।

17 ठिक छ, त्यहाँ राख्दै, केवल एक पलमा, अवश्य पनि, त्यसको

व्याख्या आउनेछ। त्यो, अवश्य नै, महिला, आलंकारिक रूपमा बोल्दा, मण्डली थियो, जो एक तरिका आमा जस्तै हुन्, बुवा चाहि यहाँ भएको इसाई सम्प्रदायहरु हुन्, जसले मण्डलीलाई प्रभुत्व जमाउछ, जसरी पतिले पत्नीलाई गर्दछ। र यो ती सम्प्रदायहरु हुन् जसले मण्डलीलाई हिर्काईरहेको छ, र उनलाई आफ्नो खुट्टामा त्यसरी उभिन समेत दिदैन। बस, हरेक पटक उनी उठ्ने कोशिष गर्छिन् वा केहि गर्न खोज्छिन्, तिनीहरु, त्यहाँ भएका मानिस, इसाई सम्प्रदायले उनलाई प्रहार गर्दछ। र यसको अर्थ केवल केहि—केहि विश्वासको मांसपेशिहरु यहाँ बाहिर राख्नु हो र मेरो औंला त्यहाँ बाहिर टाँसिरहनु हो, र भन्छ, "तिमी मसँग सामना गर्दैछौ। बुझ्नुभयो?" किनभने, त्यहाँ केहि मानिसहरु छन् जो परमेश्वरका हुन्। र त्यो ठिकै थियो। यसको बारेमा...

18 मलाई लाग्छ, हामी माथि भएको लगभग दुई घण्टा, वा तिन घण्टा भईसकेको छ। र मेरी छोरी, ती मध्ये एक, रेबिका, त्यहाँ पछाडि, उनी लुईसभिलको मेथोडिष्ट अस्पतालमा काम गर्छिन्। जुन, ओ, नर्स प्रशिक्षणको त्यो अव्यवशायी रूप हो। यो "क्यान्डी स्ट्राइपर," तिनीहरुले त्यसो भन्दछन्, वा त्यस्तै केहि। र उनी थिईन्, उनी...तिनीहरुले उनलाई त्यस बिहानमा आउन भनि बोलाए, र त्यहि नै कुराले मलाई उठायो। र यो सबेरै थियो, र उनी, केहि अन्य सानी स्कूलका सहकर्मीसँग यहाँ, तिनीहरु—तिनीहरु त्यहाँ सँगै काम गर्छन्, र तिनीहरुलाई लुइसभिलमा ल्याउन जाँदै थिए। तिनीहरु त्यहाँ दस बजेसम्ममा पुग्नुपर्थ्यो। र श्रीमतीले उनी ओछ्यानमा किन जान सक्दिनन् भनेर सोचिन्। मैले यसलाई थुनेको थिए।

19 अब, मसँग मेरो जीवनमा धेरै घटनाहरु घटेको छ, तर त्यस्तो घटना मसँग पहिले कहिल्यै घटेको थिएन। म एक तरिकाले अचेत भए। मलाई व्याख्या थाहा छैन। यस्तो खालको मेरो जीवनमा पहिले कहिल्यै भएको थिएन। तर, मेरो अगाडि, यो एउटा दर्शन हो भने मैले महसूस गरे, र म दर्शनमा थिए। तर म मेरो छोरासँग बोलिरहेको थिए, जोसेफ। जुन, उ त्यसबेलामा कोठामा थिएन। तर कुनै तरिकाले, जसरी यसले मलाई छोयो, म जोसेफसँग बोल्दै थिए।

20 र म—मैले माथि हेरे। र एक खालको एउटा पिरामिडको आकारमा, मेरो अगाडि उभिरहेको थियो, सानो थियो, सानो पंक्षी, आधा इन्च लामो

जस्तो थियो। र तिनीहरु, माथिल्लो भागमा, अंगहरुमा, त्यहाँ एउटा...भन्न सक्छौ, तिन वा चार थियो। त्यसपछि, अर्को, अर्को हिसा शायद आठ वा दस थियो। र तल फेदमा, पन्ध्र वा बिस थियो।

21 र तिनीहरु साना योद्धाहरु थिए, किनभने तिनीहरुको प्वाँख पिटिएको थियो, र तिनीहरु मसँग केहि कुरा भन्दै, बोल्न खोजिरहेको जस्तो देखिन्थ्यो। र म पश्चिममा थिए, ट्युक्सन, एरिजोनाको वरपर जस्तो देखिन्थ्यो। र चराहरुले पूर्वतर्फ हेर्दै थियो। र म नजिकबाट सुन्दै थिए। भन्न खोज्दै थियो, तिनीहरुले मलाई केहि भन्न खोज्दै थिए जस्तो देखिन्थ्यो। र तिनीहरुका साना प्वाँखहरु थिए, सबै पिटिएको थियो, र केहि कुराहरु। तिनीहरु राम्ररी लडाईमा घाउमा परेका थिए। त्यसपछि, अचानक, एउटा चराले अर्कोको ठाउँ लिन थाल्यो, *त्यसरी* उफ्रिदै। र तिनीहरु, सानो चराले पूर्वतर्फ उड्दै, झट्टै ठाउँ छोड्यो।

22 र जब तिनीहरुले त्यसो गरे, त्यसबाट एउटा ठूलो चरा आयो, ढुकुर जस्तो, चुच्चो पखेटाहरु भएको। र—र—र तिनीहरु झुण्डमा आउछन्, र छिटो, सानो चराभन्दा पनि तेजमा, पूर्व तर्फ उड्यो।

23 र म अझै पनि मेरो...दुई चेतनाहरुमा संगै थिए, मलाई थाहा थियो कि म यहाँ उभिरहेको थिएँ, र मलाई थाहा थियो कि म कतै छु। बुझ्नुभयो? र मैले सोचे, "अब, यो दर्शन हो, र मैले यसको अर्थ के हो त्यो सिक्नुपर्छ।

24 र जसै पंक्षीहरुको दोस्रो समूह आयो, मैले पश्चिम तर्फ हेरे। र एउटा पिरामिडको रूपमा देखियो, दुईटामा जस्तै हरेकमा, शिर्षमा एउटा, मैले मेरो जीवनमा देखेको पाँचवटा शक्तिशाली स्वर्गदूतहरु आए। यति भयानक गति, मैले कहिल्यै देखेको थिईन। उनीहरुको शिर पछाडि थियो, र उनीहरुको चुच्चो पखेटाहरु, केवल चाडो यात्रा गर्दै। र सर्वशक्तिमान परमेश्वरको शक्तिले मलाई प्रहार गर्यो, यस तरिकामा, जबसम्म यसले मलाई जमिनबाट माथि उठायो, जमिनबाट सबै तरिकामा, माथि।

मैले योसेफ अझै पनि बोलिरहेको सुन्न सक्थे।

25 र ध्वनि जस्तै ध्वनिको अवरोध टुट्दै, कि—कि एउटा ठूलो गर्जना गयो, टाढाबाट, दक्षिणतिर। र जब म माथि उठाईए...र त्यहाँ स्वर्गदूतहरुको एउटा भयानक तेजको गति थियो। र म—म तिनीहरुलाई ठिक अहिले देख्न सक्छु, हेर्नुहोस्, जसरी—तिनीहरु आईरहेका थिए, त्यो आकारमा *त्यसरी*, सिधा म तर्फ आईरहेको थियो।

26 अब, सपनामा होइन, अहिले। होइन। म ठिक त्यहाँ थिए, अहिले जस्तै जागा होसमा थिए। बुझ्नुभयो?

27 तर यहाँ यो आउछ। र उनीहरु यति भयानक गतिमा थिए, मैले यो सम्म सोचे, जब यसले मलाई उठायो...मैले विस्फोट सुने, जस्तै, वा पड्केको जस्तो जुन गयो, एउटा ध्वनिको अवरोध। र जब यो भयो, मैले सोचे, "ठिक छ, यसको अर्थ म मारिने तयारीमा हुनुपर्छ, हेर्नुहोस्, कुनै तरिकाको विस्फोटमा।" र—र म केवल...मैले ती कुराहरुमा सोचिरहेको बेलामा, मैले सोचे, "होइन, त्यो हुनेछैन। किनभने, यदि यो एउटा विस्फोट थियो भने, यसले जोसेफलाई पनि, समाउने थियो। किनकि, उ त्यहाँ थियो, अझै बोलिरहेको थियो, म त्यहाँ छु भन्ने सोचेर। मैले उनलाई सुन्न सक्थे। यो त्यो थिएन।"

28 अब, यो सबै अझै पनि दर्शनमै थियो। यो होइन...बुझ्नुभयो? यो दर्शनमा थियो।

29 र त्यसपछि, सबै एकपटक मै, जसरी मैले बुझिरहेको थिए कि म... तिनीहरु मेरो वरपर थिए। मैले उनीहरुलाई देख्न सकिन, तर मलाई उनीहरुको पिरामिडको यो तारामण्डलमा ल्याईएको थियो, यो स्वर्गदूतको तारामण्डल—भित्र, पाँच जनाको। र मैले सोचे, "अब, मृत्युको स्वर्गदूत एउटा हुनेथियो। पाँच अनुग्रह हो।" मैले त्यो सोचिरहेको थिए। मैले सोचे, "ओ! यो—यो मेरो सन्देश सहित आउदै थियो। त्यो मेरो दोस्रो चरमोत्कर्ष हो। तिनीहरुले परमप्रभुबाट मकहाँ सन्देश ल्याउन आउदै थियो।" र मेरो ताकतले भ्याउने गरी ठूलो स्वरले म चिच्याए, मैले सक्नेसम्मको उच्च स्वरले, "ओ येशू, तपाईले मैले के गरेको चाहनुहुन्छ?" र जब मैले गरे, यो केवल—बस मबाट टाढा गयो।

30 म—म—मैले ठिक महसूस गरेको छैन, त्यो समय देखि। बुझ्नुभयो? म, हिजो दिनभरी, म घरमा बस्नु परेको थियो, आफैलाई एक्लो महसूस गर्दै थिए। मैले मेरो विचार स्पष्ट बनाउन सकिन। र परमप्रभुको महिमा र शक्ति! म पूर्ण सुन्न भए, जब यसले मलाई छोड्यो। मैले मेरो हात माड्न कोशिष गरे। र मैले सोचे, "मैले मेरो श्वास समाउन सकिन।" र म चारैतिर हिडे, र भुइँमा भरि, र अगाडि पछाडि। मैले सोचे, "यसको अर्थ के हो, प्रभु? यसको अर्थ के हो?" त्यसपछि, म रोकिए। मैले भने, "परमप्रभु परमेश्वर, तपाईको दास...म—मैले केवल बुझ्न सक्दिन। किन? त्यो के थियो? यो

थाहा दिनुहोस्, प्रभु।" ठिक छ, जब...

31 मैले तपाईलाई यस विषयमा भन्न सक्दिन, जब म यो भन्छु, "प्रभुको शक्ति।" त्यहाँ त्यो व्याख्या गर्ने कुनै तरिका छैन। यो तपाईले यहाँ जे महसूस गर्नुभएको छ त्यो होइन, आशिषमा। त्यो परमप्रभुको आशिष हो। यो एउटा पवित्र छ! ओ, मेरो! यो—यो कुनै मरणशील मानिसको कल्पना भन्दा बाहिर छ। बुझ्नुभयो? र यो—र यसले मलाई सताईरहेको थियो, वास्तवमै नराम्रोसँग। यो गर्दैन...यो एउटा आशिष होइन। यो त झन्झट हो। तपाई समस्यामा हुनुहुन्छ। बुझ्नुभयो? यो छ भनि। यदि तपाईले केवल...

32 यदि मैले मानिसहरुलाई त्यो के थियो भनि बताउनसक्ने कुनै तरिका मात्रै भए, वा यो के हो...यसको भावना कस्तो थियो! यो, यो केवल यहाँ बसिरहेको जस्तो होइन, आनन्द मनाउन चाहने। यो—यो त्यस्तो कुरा हो जुन तपाई भित्रको हरेक तंत्रिका...यो डर भन्दा बाहिर छ। यो डर भन्दा पर छ। यो एउटा पवित्र श्रद्धा हो। को...म...त्यहाँ यसलाई व्याख्या गर्ने कुनै तरिका छैन। यहाँसम्म, कि, मेरो पुरै ढाड, मेरो मरुदण्डको माथि–र–तल, मेरो औंलाहरुबाट, माथि–र–तल मेरो खुट्टा र खुट्टाको औंला, मेरो सम्पूर्ण अस्तित्व सुन्न भएको थियो, हेर्नुहोस्, तपाईसँग भएको जस्तै—तपाई संसारबाट बाहिर जानुभएको थियो, कतै। र—र यसले मलाई छोड्दै थियो, बिस्तारै, र मैले परमप्रभु—प्रभुलाई भने, "के तपाईले मात्र मलाई थाहा दिनुहुन्छ, ओ परमेश्वर?"

33 मलाई लाग्छ, कि, त्यतिको बलियो भएर कहिल्यै केहि आएको थियो भने, त्यो जब म ज्युरिक, स्विटजरल्याण्डमा थिए, त्यो समय जब उहाँले मलाई जर्मन चीलले अङ्ग्रेजी घोडसवार अफ्रिकाबाट तल आएको हेरिरहेको देखाउनुभयो। र उहाँले भन्नुभयो, "सबैले पाप गरेका छन् र महिमाबाट टाढा आएका छन्।"

34 र म परमप्रभुलाई पुकार्दै थिए, मलाई सहायता गर्नको निम्ति। र उहाँले मलाई व्याख्या दिनुभएको म—म चाहन्छु, किनभने मैले सोचेको थिए यदि यसको अर्थ—यदि यसको अर्थ म पर जानेवाला थिए, म मारिनेवाला थिए। र यदि यो थियो भने, मैले परिवारलाई यसको बारेमा केहि पनि बताउनेवाला थिईन। यो मेरो घर जाने समय हो, किन, म केवल घर जानेछु, त्यो नै सबै हो। तर यदि—यदि त्यहि नै यसको अर्थ हो भने, म परिवारलाई बताउनेवाला थिईन, यसको बारेमा तिनीहरुले केहि पनि नजानोस् भन्ने

चाहन्थे। केवल यो हुन दिनुहोस्, र त्यो—त्यो सबै हुनेछ।

35 मैले भने, "प्रभु, मलाई मद्दत गर्नुहोस्। म परिवारलाई भन्न चाहन्न, यदि—यदि तपाई...यो, यो मेरो घरमा बोलावट हो, ठिक छ, म—म जानेछु।" तपाईले देख्नुहुन्छ। मैले भने...र, तपाईलाई थाहा छ, तपाई...

36 तपाई भन्नुहुन्छ, "ठिक छ, तपाईले दर्शनमा के भन्नुभयो भन्ने विषयमा किन सोच्नुभएन, दर्शनले के भन्यो?"

37 तर त्यसबेला तपाईले त्यस्ता कुराहरु सोच्न सक्नुहुन्न। तपाई...म सक्दिन, जसरी पनि। र मैले सोचे...म केवल समस्यामा थिए, निराश थिए। कसरी सोच्ने तपाईले जान्नुहुन्न। तपाईले सोच्न सक्नुहुन्न।

38 र मैले भने, "स्वर्गीय पिता, यदि यसको अर्थ त्यो—कि एउटा विस्फोटले मलाई लिनेवाला थियो, ठिक छ, मलाई अहिले जान्न दिनुहोस्, ताकी मैले यसको बारेमा केहि भन्ने छैन। तपाईको महिमा र शक्ति फेरी पनि ममा आउन दिनुहोस्, र मलाई फेरी उचाल्नुहोस्। वा, तपाईको महिमा म माथि आओस्, र त्यसपछि म—म जान्दछु कि त्यसको अर्थ—यसको अर्थ त्यो हो, र ताकी म यो आफैमा राख्न सकूँ।" र केहि पनि भएन।

39 त्यसैले तब मैले भने, "तब, प्रभु, यदि यसको अर्थ तपाईले मेरो आज्ञाको लागि तपाईको सन्देशवाहकहरु पठाउनुहुनेछ, तब तपाईको शक्ति फेरी पनि आउन दिनुहोस्।" यसले एक प्रकारले मलाई कोठाबाट निकाल्यो!

40 यद्धपि, म—म आफैमा आए, मेरो बाईबल मेरो हातमा थियो, तब, हेर्नुहोस्, मलाई मद्दत गर्नको लागि परमेश्वरलाई माग्दै थिए। र जब मैले गरे, उहाँ—उहाँले धर्मशास्त्रमा मलाई केहि देखाउनुभयो, त्यससँग सम्बन्धित, ठिक त्यहाँ छ। र मैले भने, "के त्यो नै होला त? म त्यो कसरी गर्नु?" र, ओ, मम यी कुराहरु व्याख्या गर्न सक्दिन, मित्रहरु। यो मैले जानेको कुरा भन्दा पर छ। बुझ्नुभयो?

41 मेरी श्रीमती एकदम अनौठो महिला हुनुहुन्छ, संसारका सर्वश्रेष्ठ मध्ये एक हुनुहुन्छ। तर, केहि समय पछि, मैले यसको बारेमा केहि पनि भनेको छैन। म अगाडि बढे। उनलाई थाहा थियो त्यहाँ केहि भएको थियो। त्यसैले जब मैले उनलाई भने, उनले भने, "तपाईलाई थाहा छ, बिल, मैले तपाईलाई देख्छु र सुन्छु, यी मध्ये धेरै कुराहरुमा।" भनिन्, "तपाईलाई

थाहा छ कि म तपाईलाई मेरो सम्पूर्ण हृदयले विश्वास गर्छु," उनले भनिन्। उनले भनिन्, "तर त्यसको वास्तवमा केहि कुरा थियो।"

42 यसले यस्तो देखिन्छ, यसले मलाई हल्लाउछ, ती स्वर्गदुतहरुबाट त्यसरी त्यो विस्फोट र तेज आईरहेको छ, ती मध्ये पाँचवटा सँगै, ती मध्ये एउटा—एउटा तारामण्डलमा। जस्तो, एक प्रकारको जस्तो—जस्तो मैले यहाँ पिरामिड कोरेको थिए, हेर्नुहोस्, तिनीहरु यस्तो देखिन्थ्यो, पहिलो, तिनीहरु यस्तो देखिन्थ्यो, एक प्रकारले...दूरीमा, तिनीहरु एक प्रकारले ढुकुरको रंग जस्तै देखिन्थे। र तिनीहरु भित्र—भित्र *यहि* बाटोबाट आउदै थिए। र तिनीहरु, यस्तो देखिन्थ्यो, एउटा, दुईवटा; तिन, चार; र एउटा ठिक माथि टुप्पामा, हेर्नुहोस्, पाँचवटा बनाएर। र तिनीहरु यस्तो गतिमा आउछन्! त्यहाँ केहि पनि छैन, कुनै जेट छैन, *त्यस*सँग कुनै पनि कुरा तुलना गर्न सकिदैन।

43 र म केवल तिनीहरुलाई देख्न सक्छु, र तिनीहरुको शिर एक प्रकारले छेउतर्फ फर्केको थियो। ती पखेटाहरु पछाडि झुके, पूर्ण–हतियारबंदी, र यहाँ तिनीहरु आउँछन्, त्यसैले "ह्यु!" *त्यसरी*। केवल ठिक तल आउछ, र बस मलाई ठिक तिनीहरुको यस पिरामिडको तारामण्डलमा लिएर जान्छन्। मैले देखे कि, म भुइँबाट माथि लगिए। मैले सोचे शायद...मैले सुने, टाढा टाढामा, त्यो गर्जन, "हूम!" एउटा—एउटा—एउटा विमान जस्तो जब यसले ध्वनि अवरोध पार गर्छ, तपाईले यो त्यस्तो भएको सुन्नुभएको छ, दूरीको गर्जन जस्तै।

44 मैले सोचे, "यसको अर्थ अहिले हुनसक्छ, जब अहिले यो दर्शनले मलाई छोड्छ, कि म विस्फोट वा केहि कुराले मारिनेवाला छु।" मैले सोचे, "म यहाँ छु। म माथि उठाएको छु। म...तिनीहरु, तिनीहरु यहाँ कतै छन्, म—म यसमा छु, स्वर्गदूतको यो पिरामिड यहाँ। तर, म—म जान्दिन। हुनसक्छ प्रभुले मलाई घर लैजान आउनुहुन्छ होला।"

त्यसपछि मैले तल त्यहाँ योसेफलाई सुने, यसो भनिरहेको, "बुवा?"

सोचे, "होइन, यदि त्यो हो भने, यसले उसलाई पनि, लाने थियो।"

45 त्यसपछि केहिले भन्यो, "तपाई..." याद गर्नुहोस्, म पर्खिरहेको छु, त्यो एउटा सन्देशको लागि हेर्दै जसको लागि मैले सधै अगाडि हेरिरहे, केहि कुरा।

46 र दर्शन, अर्को दिन, तपाईलाई थाहा छ, जुन यहाँ मैले पाएको थिए धेरै भएको छैन, मलाई भन्दै कि के हुन आउनेछ, कसरी मैले सूर्यबाट, यस ठाउँमाम, प्रचार गरिरहेको थिए। र—र त्यसपछि उहाँले भन्नुभयो, "अब याद गर्नुहोस्, दोस्रो चरमोत्कर्ष आउने बाकि छ।"

मैले सोचे, "त्यहाँ एउटा सन्देश हुनेछ।"

47 मेरो सन्देश यहाँ याद छ? त्यो शिर्षढुंगाको उद्घाटन, जहाँ, ती सात आवाजहरु र मोहोरहरु जुन परमेश्वरको वचनमा समेत लेखिएको छैन। याद छ? र यसले मलाई त्यो पिरामिडमा लग्यो।

48 र जुनी ज्याक्सन, यदि तपाई यहाँ हुनुहुन्छ भने, त्यो सपना जुन तपाईले मलाई दिनुभएको धेरै भएको छैन। म यो यस बिहानमा भन्नेछैन। तपाई यति...परमेश्वर यति सिद्ध हुनुहुन्थ्यो। र तपाईलाई व्याख्या नदिएकोमा मलाई माफ गर्नुहोला; किनकि, मैले केहि कुरा चलिरहेको देखे।

जे.टि., उही कुरा, हेर्नुहोस्। र म—म—मलाई त्यो थाहा थियो।

र बहिनी कोलिन्स, ठिक उस्तै नै। बुझ्नुभयो?

र ती मध्ये छ जना, उही कुरामा ठिक सिधा अगुवाई गर्दै।

49 र त्यसपछि त्यो दर्शन जुन मैले तपाईहरु सबैलाई बताए, वर्षौं अगाडि, यो अरु दिनमा जस्तै भयो। बुझ्नुभयो? त्यो हुनेछ।

50 र त्यहाँ यो छ, ठिक त्यहाँ राखिएको, सबैकुरा ठिक त्यहाँ राखिएको छ। त्यो बस केहि कुरा चलिरहेको छ। मलाई थाहा छैन यो के हो। परमेश्वर मलाई सहायता गर्नुहोस्; यो मेरो प्रार्थना हो।

आउनुहोस् प्रार्थना गरौं।

51 स्वर्गीय पिता, हामी—हामीहरु केवल मरणशीलहरु हौ, र यहाँ हामी यस बिहानमा उभिन्छौ। र, प्रभु, म...तपाईले मलाई यो सानो बगाल र यो मण्डलीलाई अगुवाई गर्न पठाउनुभयो। र म मेरो अन्तिम तिर छु। मलाई थाहा छैन कुन बाटो, के, कहाँ, यो आउदैछ। तर मलाई यो एउटा कुरा थाहा छ, कि, तपाईले भन्नुभयो तपाईले बनाउछु "सबैकुरा भलाईको लागि हुदछ जसले" तपाईलाई प्रेम गर्दछ र तपाईको उदेश्य अनुसार बोलाईएका छन्। म तपाईलाई प्रार्थना गर्दछु, परमेश्वर, कि तपाईको अनुग्रहको महान हात हामी माथि हुनेछ।

52 तपाई परमेश्वर हुनुहुन्छ भनि हामीलाई साचै नै थाहा छ। र हामी जान्दछौ कि तपाई त्यो हुनुहुन्न जो विगतका दिनहरुमा हुनुहुन्थ्यो, तर तपाई आज पनि जिउनुहुन्छ। तपाई सधै परमेश्वर हुनुहुन्छ। तपाई सधै परमेश्वर हुनुहुन्छ। तपाई समयको अगाडि परमेश्वर हुनुहुन्थ्यो, र त्यहाँ समय नहुदा पनि तपाई परमेश्वर नै रहनुहुनेछ। तपाई अझै पनि परमेश्वर हुनुहुन्छ।

53 र हामी तपाईको हातमा छौ, प्रभु। हामी बस माटो हौं, र तपाई कुमाले हुनुहुन्छ, कुमाले। हाम्रो जीवनलाई आकार दिनुहोस्, प्रभु, यस तरिकामा कि जसले तपाईलाई उत्तम सेवाले आदर दिदछ। प्रदान गर्नुहोस्, पिता। हामी केवल तपाईको हातमा छौ।

54 हामीसँग आफैलाई यहाँ ल्याउने कुनै तरिका छैन, वा हामी जान्दैनौ कसरी हामी बाहिर जानेछौ। प्रभु, तपाईले हामीलाई जीवन दिनुहुन्छ, र तपाईसँग...हामी हाम्रा जीवनहरु तपाईलाई फर्काएर दिदछौ, र, यसमा, बदलामा, तपाईले हामीलाई अनन्त जीवन, दिनुहुन्छ। हाम्रो विश्वासले हाम्रो अस्तित्वमा त्यो श्वास दिन्छ। र हामी तपाईलाई यसको लागि प्रेम गर्छौं, किनभने हामी जान्दछौ कि कुनै दिन हामी तपाईलाई देख्नेछौ, र तपाई तपाईको महिमामा हुनुहुनेछ। र हामी उहाँलाई हेर्नेछौ। र हामी ती शब्दहरु सुन्न चाहन्छौ, "यो राम्ररी पुरा गरियो, मेरी असल र विश्वासयोग्य दास। प्रभुको आनन्दमा प्रवेश गर, जुन तिम्रो निम्ति संसारको उत्पत्ति भए देखि तयार पारिएको छ।" त्यो समयसम्म, ओ परमेश्वर, जब हामी सबै भेट्छौ, हामीलाई अगुवाई गर्नुहोस्।

हामी तपाईका दासहरु हौ, र हामी हाम्रा पापहरुको निम्ति क्षमा माग्दछौ।

55 यी शक्तिशाली दर्शनहरु, प्रभु, तपाईको दासको निम्ति अति नै छ। के गर्ने म जान्दिन। म—मलाई केवल थाहा छ कि तिनीहरु आउछन्। र मैले देखेको र यो के भनिएको थियो, त्यो कुरा मात्रै म भन्न सक्छु। र कहिलेकाहि यसले मलाई डर दिन्छ, प्रभु। र म—म के गर्ने भनि सोच्दछु।

56 त्यसपछि म बाईबल लिन्छु र यहाँ पढ्छु कि त्यस दिन मन्दिरमा यशैयाले कस्तो महसूस गरेको हुनुपर्छ, जब उनले ती स्वर्गदूतहरुलाई देखे, तिनीहरुको खुट्टामा पखेटाहरु थिए। कुनै आश्चर्य छैन कि उनी कराए, "हाय मलाई! किनकि मेरो आँखाले परमप्रभुको महिमा देखेको छ।"

57 र तब नै थियो जब अगमवक्ताले कराए: उनी मन्दिर शुद्ध पारीए पछि,

जब स्वर्गदूतले चिमटा लिए र आगोको कोइला लिए र उनको ओठमा राखे; उनले आफू अशुद्ध ओठको मानिस हुँ भनि स्वीकार गरे पछि, र अशुद्ध मानिसहरुसँग, बस्दै आएका थिए। यद्धपि, उनी एउटा अगमवक्ता थिए। स्वर्गदूतले चिम्टा लिए र उनको ओठमा आगोको कोइला राखिदिए र उनलाई शुद्ध पारे, र भने, “अब जाऊ, अगमवाणी बोल।”

प्रभु परमेश्वर, यशैयाले कराए, “म यहाँ छु, प्रभु। मलाई पठाईदिनुहोस्।”

58 जब, उहाँले भन्नुभयो, “हाम्रो लागि को जानेछ?” त्यस दुष्ट र व्यभिचारी पुस्ताकोमा!

59 ओ परमेश्वर, यसलाई फेरी दोहोरिन दिनुहोस्। यसलाई फेरी आउन दिनुहोस्, ओ प्रभु। शुद्धताको आगो सहित पवित्र आत्मालाई पठाउनुहोस्। किनकि, म स्वीकार गर्दछु, म अशुद्ध ओठको मानिस हुँ, र यस पृथ्वीमा यहाँ अशुद्ध मानिसहरुसँग वास गर्दछु। हामी तपाईको दृष्टिमा अशुद्ध छौ, प्रभु। तर, ओ, शुद्ध गर्ने शक्ति पठाउनुहोस्, पवित्र आत्मा! हामीलाई शुद्ध पार्नुहोस्, ओ प्रभु। तपाईको दासलाई शुद्ध पार्नुहोस्, प्रभु।

60 र त्यसपछि बोल्नुहोस्, प्रभु। तपाईको दासले सुनिरहेको छ। म त्यो आवाज सुन्नको लागि आतुर छु। म तपाईको हुँ। मलाई प्रयोग गर्नुहोस्, प्रभु, जस्तो तपाई उपयुक्त देख्नुहुन्छ, जब म तपाईको वेदीमा आफैलाई राख्दछु। पवित्र आत्माले मलाई शुद्ध पार्न दिनुहोस्, प्रभु; र अभिषेक गर्नुहोस् र अगाडि पठाउनुहोस्, प्रभु, यदि तपाई कोहि जाओस् भन्ने चाहनुहुन्छ भने, यदि यो घडी हो र यो समय हो भने।

61 म—मलाई थाहा छैन, प्रभु। म—मलाई बस थाहा छ कि मैले ती स्वर्गदूतहरु देखेको छु। र ती कुराहरु वास्तवमै सत्य हो भनि तपाईलाई थाहा छ। र म प्रार्थना गर्दछु, प्रभु, “हाय मलाई,” त्यसैले मलाई सहायता गर्नुहोस्।

62 र अब यी मानिसहरुलाई आशिष दिनुहोस्। र आज हामी यहाँ छौ, हाम्रो प्रभुको जन्म उत्सवको समयको पूर्वसन्ध्यामा छौ। हामी प्रार्थना गर्दछौ कि तपाईले हामीलाई सहायता गर्नुहुनेछ।

63 र यस बिहानमा, तपाईको दास, हाम्रो भाई नेभिल, उहाँले महसूस गर्नुभयो कि शायद यो त्यस समय हुनेछ कि उहाँले केहि पलको लागि

आराम गर्नुपर्दछ, र शायद मैले बोल्नुपर्दछ। र म—म प्रार्थना गर्छु कि तपाईले अब मलाई सहायता गर्नुहुनेछ।

64 त्यहाँ तिनीहरु छन् यहाँ, प्रभुम, र हामीहरु सबै, जो तपाईको खाँचोमा छौ। त्यसैले हामी अहिले प्रार्थना गर्दछौ कि तपाईले हामी तपाईको वचन पढ्दा र यसमा केहिसमय मनन गर्दा आशिष दिनुहुनेछ। तपाईको आत्मा हामीमा आउन दिनुहोस्, प्रभु। र हामीलाई शुद्ध पार्नुहोस् र हामीलाई आगोमा राख्नुहोस्, पवित्र आत्मासँग, परमेश्वरको सन्देश सहित, वेदीबाट ताजा, मर्दै गरेको संसारलाई हल्लाउन, महान अनन्त परमेश्वरको नजिक आउनुभन्दा अगाडि। किनकि हामी यो येशूको नाउँमा माग्दछौ, उहाँको प्रिय पुत्र, र हाम्रो मुक्तिदाता। आमेन।

65 अब म यहाँ केहि धर्मशास्त्रका पदहरु, र केहि नोटहरुमा तपाईको ध्यान तान्न चाहन्छु, जुन मैले लेखेको छु।

66 र म विश्वास गर्छु, डक, या बिल्ली, वा ती मध्ये एकले मलाई भन्नुभयो, जो अलिकति चाडो छोड्न चाहन्छन्, बच्चाहरुको खातिर। तिनीहरुसँग यसको लागि केहि उपहारहरु छन्।

67 तपाई साना साथीहरु जो भर्खरै आईत बारे विद्यालयबाट आउनुभएको छ, तपाई—तपाई केवल वरपर बसिरहनुहोस्, केवल केहि समयको लागि। हामीले यहाँबाट के भन्छौ त्यो तपाईहरुको लागि थोरै गहिरो हुनसक्छ, तर तपाई—तर तपाई केवल आमा र बाबासँग स्थिर बस्नुहोस्, केहि मिनेटको लागि। म तिनीहरुसँग बोल्न चाहन्छु।

68 अब, भजनसंग्रहमा, ८९ औं भजनमा, म एउटा पद वा दुई, पढ्न चाहन्छु, ८९ औं भजनको। म भजनसंग्रह ८९ को ५० औं, ५१औ, र ५२औ पदहरु पढ्ने कोशिष गर्नेछु।

69 अब, के तपाईले त्यहाँ पछाडि सम्मै सुन्न सक्नुहुन्छ पछाडि, ठिक छ? यदि तपाई सक्नुहुन्छ भने, आफ्नो हात उठाउनुहोस्। त्यसैले म…जुन… के यी सबै माइकहरु जीवित छन्? [एउटा भाईले भन्छ, “मलाई थाहा छैन।”—सम्पा] के *यो* चाहि राम्रो छ, वा *यो* एउटा? *यो*? *यो*? [“यी छेउका दुईटा चलिरहेको छ।”] ठिक यहाँ, *यी* दुई छेउमा? [“*यो* एउटा, *यो* एउटा, र *यो* एउटा।”] ठिक छ।

70 मलाई थाहा छैन उहाँहरुले यो टेप गर्नेवाला छन् या छैनन्, यो केवल एक प्रकारले अपेक्षित कार्यक्रम भयो यस बिहानमा।

71 तर अहिले नबिर्सनुहोस्, तपाईका सबै साथीहरु राख्नुहोस्। र म—म तपाई निश्चित हुनुहोस् भन्ने चाहन्छु, लगभग, अर्को आईतबारको सभामा उपस्थित हुने प्रयास गर्नुहोस्।

72 मलाई लाग्छ, उनीहरुले छिट्टै नै मण्डलीलाई समापन गर्नेछन्। र म—म त्यसको लागि फर्केर आउनेछु, ती सात मोहोरहरु प्रचार गर्नेछु, यदि यो परमेश्वरको इच्छा हो भने, यहाँ धर्मशास्त्रबाट प्रचार गर्नेछु।

73 भजनसंग्रहको पुस्तक, ८९ औ अध्याय, ५० औ पदबाट शुरू गरेर। अब वचनको पढाईलाई ध्यान दिएर सुन्नुहोस्।

> *स्मरण गर्नुहोस्, परमप्रभु, कसरी तपाईंका दासको उपहास भएको छ; कसरी म आफ्नो हृदयमा शक्तिशाली मानिसहरुको तिरस्कार सहँदैछु;*
>
> *हे **परमप्रभु**, कसरी तपाईंका शत्रुहरूले मेरो तिरस्कार गरेका छन्; तिनीहरूले कसरी कदम–कदममा तपाईंका अभिषिक्तको उपहास गरेका छन्।*
>
> ***परमप्रभुको** सदासर्वदा प्रशंसा होस्। आमेन अनि आमेन।*

74 म तपाईसँग केहि क्षणको लागि बोल्न चाहन्छु...तपाईले यो चिन्ह लगानुहोस् भन्ने म चाहन्छु, पहिलो, र त्यसलाई बारम्बार पढ्नुहोस्, वास्तवमै गहन तरिकाले। हुनसक्छ यसलाई अहिले फेरी एकपटक पढ्नुपर्छ। अब ध्यान दिएर सुन्नुहोस्। बुझ्नुभयो?

> *स्मरण गर्नुहोस्, परमप्रभु, कसरी तपाईंका दासको उपहास भएको छ; कसरी म आफ्नो हृदयमा शक्तिशाली मानिसहरुको तिरस्कार सहँदैछु;*
>
> *हे **परमप्रभु**, कसरी तपाईंका शत्रुहरूले मेरो तिरस्कार गरेका छन्; तिनीहरूले कसरी कदम–कदममा तपाईंका अभिषिक्तको उपहास गरेका छन्।*
>
> ***परमप्रभुको** सदासर्वदा प्रशंसा होस्। आमेन अनि आमेन।*

75 यसलाई ध्यान दिएर अध्ययन गर्नुहोस्, जसरी दाऊदले यसलाई भनेका छन्।...यो एकदम अनौठो छ, यदि फेरी पनि ख्रीष्टमसको पाठ; तर जसरी मैले गत आईतबार एउटा अनौठो पाठमा प्रचार गरे। यो के थियो भन्ने कुरा अहिले मैले बिर्सेको छु। यो थियो...[एउटा भाइले भन्छ, "*संसार*

*पतन भईरहेको छ।"*—सम्पा।] माफ गर्नुहोस्? ["*संसार पतन भईरहेको छ।"*] पतन हुनु: *संसार पतन भईरहेको छ।*

76 अब म पाठको लागि प्रयोग गर्न चाहन्छु, यो आईतबार: *वचनको खातिर निन्दा लिनु।* अब मलाई फेरी पनि दोहोर्याउन दिनुहोस्, गहन तरिकाले... *वचनको खातिर निन्दा लिनु*।

77 परमेश्वरको एउटा समय छ, र त्यस समयको लागि एउटा कारण छ, उहाँको सबै वचनहरु पूरा गर्नको लागि। परमेश्वरले के गर्न जाँदै हुनुहुन्छ भन्ने कुरा परमेश्वरले पूर्ण रूपमा जान्नुहुन्छ। हामी जान्दैनौ। उहाँले हामीलाई जस्तो दिनुहुन्छ त्यसरी नै हामीले प्राप्त गर्नुपर्छ। तर, उहाँलाई थाहा छ, र उहाँले—उहाँले गर्नको लागि योजना गर्नुभएको कुरामा त्यहाँ केहि पनि गलत हुनेवाला छैन। यो सबै हुने नै छ। त्यहाँ, कहिलेकाही, कठोर र कठिन कुराहरु, केवल वस्तुको वास्तविक, वास्तविकलाई ल्याउनको निम्ति हुँदछ,

78 तपाईलाई थाहा छ, वर्षा एउटा दांतेदार, विषम, बिजुली चम्केको, गर्जनको आकाशमा जन्मन्छ। र यदि हामीसँग वर्षा नहुदो हो भने, हामी बाँच्ने थिएनौ। तर तपाईले देख्नुहुन्छ कि वर्षा ल्याउन के चाहिन्छ? गर्जन, बिजुली, चमक, क्रोध। र त्यहाँबाट पानी आउछ।

79 एउटा बीउ मर्छ, सड्छ, भ्रष्ट हुन्छ, दुर्गन्धित हुन्छ, र फर्केर पृथ्वीको धूलोमा जान्छ, नयाँ जीवन ल्याउनको लागि।

80 यसले सुनको टक्कर लिन्छ, बारम्बार, अगाडि र पछाडि, र त्यसबाट सबै फोहोर बाहिर ननिस्केसम्म प्रहार हानिन्छ। यो चम्किने भएको कारणले होइन, किनकि फलामको पाईराईट, जुन मूर्खहरुको सुन भनिन्छ, जुन वास्तविक सुन जस्तैगरी नै चम्किन्छ। तर, तपाईले दुईटालाई सँगै राख्नुहोस्...तपाईले तिनीहरुलाई एउटा छेउमा राख्नुहुन्छ, तपाईले तिनीहरुलाई मुश्किलले छुट्टाउन सक्नुहुन्छ, तर तिनीहरुलाई सँगै राख्नुहोस्, तपाईले छुट्टाउन सक्नुहुन्छ। र पिट्नेले सधै तबसम्म पिट्नु पर्छ जबसम्म उसले—उसले सुनमा आफ्नै मूर्ति प्रतिबिम्ब गरेको देख्दैन।

81 र परमेश्वरले समय निर्धारण गर्नुहुन्छ र उहाँले गर्नुहुने सबै कुराको लागि उदेश्य छ। परमप्रभुलाई प्रेम गर्नेहरु र उहाँको बोलावटद्वारा बोलाईएकाहरुमा कुनै पनि कुरा संयोगले हुदैन। बुझ्नुभयो? हामीहरु पूर्व नियुक्त भएका छौ। र सबै कुरा ठिक तरिकाले हुदछ, त्यसको लागि, किनभने

उहाँले झुट बोल्न सक्नुहुन्न। र उहाँले त्यस्तो हो भन्नुभएको छ, कि सबै कुराको समय छ, यसको मौसम छ, यसको आफ्नो तरिका छ। हरेक छालको पछाडि परमेश्वर हुनुहुन्छ। र कहिलेकाही तपाई सोच्नुहुन्छ कि सबै कुरा गलत भईरहेको छ। यो हामीमा भर पर्छ। ती कुराहरु हामीमा राखिएको छ, परिक्षा र आश्चर्यहरु। यो जाँच हो, यो हेर्नको निम्ति कि हामीले त्यस क्रियामा कस्तो प्रतिक्रिया देखाउछौ भनेर।

82 केहि समय अगाडि, माथि भरमोन्टमा, भाई फ्रेड र म न्यु योर्कको छेउमा, च्याम्पलेन तालको पारी गयौ, र हामी न्यू योर्कको छेउमा पुग्यौ। र म माथि डाँडामा गए जहाँ, माथि हुरिकेन डाँडामा, जहाँ म शिकार गर्ने गर्थे। र त्यहाँ मलाई सम्झना छ जब म हराएको थिए, र कसरी परमेश्वरले मलाई फर्काएर ल्याउनुभयो, केवल पवित्र आत्मा एक्लैले, आँधी बेहरीबाट भएर। कि, म मर्ने थिए, नाश हुने थिए, र त्यसरी नै मेरी श्रीमती र बिल्ली पनि, तल मिल टाढाको एउटा सानो शिविरमा। र म पछाडि फर्किए।

83 र त्यहाँ केवल एउटा सानो हिउँ थियो जसबाट हामीले तानेका थियौ, शिविरमा आउनको लागि, वसन्तको प्रारम्भमा। र म त्यहाँ उभिएर भाई फ्रेडसँग बोलिरहेको थिए, र पवित्र आत्माले भन्नुभयो, “आफै जाऊ।” र म केहि बेरको लागि बाहिर झाडीमा गए, त्यस ठाउँमा। उहाँले मलाई भन्नुभयो, “त्यहाँ तिम्रो निम्ति पासो राखिएको छ। अब होसियार होऊ। तर उहाँले कसरी, के मलाई त्यो भन्नुभएन। म फर्केर आए र भाई फ्रेडलाई भने।

84 त्यस रातम मण्डलीको मंचमा गए, यो कुरा मानिसहरुमा घोषणा गरे। र अर्को रात यो घटना भयो। र त्यहाँ उभिदै जब उहाँले मलाई भन्नुभयो, केहि गिल्ला गर्नेहरुमा, उहाँले भन्नुभयो, “यो तिम्रो हातमा छ। तिनीहरुसँग गर। जे केहि पनि तिमीले भन्दछौ, यो ठिक अहिले हुनेछ।”

85 त्यहाँ तपाई हुनुहुन्छ। जहाँ, कोहि अपमानजनक, भक्तिहिन, र तिनीहरुले सभामा ठट्टा र गिल्ला गरिरहेका थिए, एक जवान युवा र जवान युवती। र उसले भवनमा उनीसँग अश्लील प्रेम सम्बन्ध राख्न खोज्दै थियो; र सबैको ध्यान गयो, मैले प्रचार गर्न कोशिष गर्दै थिए। र उनको शिरलाई पछाडि तान्यो र उनको काखमा बस्यो, र उनको शिरलाई पछाडि पारेर उनलाई चुम्बन गर्न खोज्दै थियो, र त्यसरी सभामा जाँदैथियो, ध्यान खिचिरहेको थियो।

86 र पवित्र आत्माले भन्नुभयो, “अब ऊ...तिनीहरु तिम्रो हातमा छ।

तिनीहरुसँग तिमीले के गर्छौ?"

87 त्यहाँ पवित्र सन्नाटा थियो। सबैजना प्राणघातक रूपमा शान्त बसे। र मैले सोचे, "ओ परमेश्वर, मैले के गर्नुपर्छ?"

88 त्यसपछि मैले सम्भे, यदि यो पवित्र आत्माको चेतावनी नभएको भए, दुई दिन अगाडि। मैले भने, "म तिमीहरुलाई क्षमा दिदछु।" अब, त्यहि नै मैले गरेको उहाँले चाहनुहुन्थ्यो। बुभ्नुभयो?

89 किनभने, आखिरमा, म—म दोषी थिए, शायद त्यसको लागि होइन, तर दोषी थिए। "र सानो कुरामा दोषी पूरैको दोषी हो।"

90 त्यसैले मैले भने, "मैले तिमीलाई क्षमा दिएको छु।" र त्यहाँ अहिले यहाँ साक्षीहरु बसिरहनुभएको छ, जो त्यसबेलामा त्यहाँ हुनुहुन्थ्यो। त्यसपछि पवित्र आत्मा हामीमा खस्यो।

91 अब, तपाईले देख्नुहुन्छ, म विश्वास गर्छु कि यी सबैकुराहरुको अर्थ छ। तपाई शक्तिसँग के गर्नुहुन्छ? कसरी तपाईले, देख्नुहुन्छ, क्रियाको प्रतिक्रिया? केहि कुरा जुन क्रियास्वरूप आएको छ, तब तपाईले कसरी क्रियाको प्रतिक्रिया दिनुहुन्छ? मैले भन्न खोज्नुभएको कुरा बुभ्नुभयो? तपाईले के गर्नुहुनेछ? र शायद आज हामी जहाँ छौ त्यसको लागि यी सबैले काम गरेको छ होला। मलाई थाहा छैन। म—म भन्न सक्दिन। तर त्यहाँ सधै कुनै न कुनै तरिका भएको छ...

92 र त्यो याद गर्नुहोस्, वचनको—को निन्दा...वचनले सधै एउटा निन्दा सहेको छ। युगौ देखि, परमेश्वरको अभिषेक भएको वचन सधै निन्दामा परेको छ। र त्यसैकारणले गर्दा यो मानिसहरुको लागि धेरै कठिन छ जसले बुभ्दैनन्, त्यो निन्दा कसरी स्वीकार गर्ने भनेर जान्दैनन्।

93 के तपाईले चेलाहरु फर्केको सम्भन सक्नुहुन्छ र आनन्द मनाउदै किनभने तिनीहरु उहाँको नाउँको खातिर निन्दाको लागि खडा हुन योग्यको गनिएको थियो भनि तिनीहरुले जाने? उहाँले भने, "ख्रीष्टमा ईश्वरभक्त जीवन जिउनेले सतावट सहनुपर्नेछ," वचनको निन्दा।

94 तपाईको परिक्षा दिनको लागि, हेर्नको लागि तपाईले सधै यो निन्दाको सामना गर्नुपर्नेछ। हरेक मानिस जो ख्रीष्टमा आउँछ त्यो व्यक्ति पहिलो बाल–तालिमबाट भएर जानुपर्दछ, तपाईको—लागि परमेश्वरली नियुक्त गर्नुभएको उदेश्यको निम्ति। र याद गर्नुहोस्, यदि तपाई केवल मौन बस्न सक्नुहुन्छ

भने! याद गर्नुहोस्, यदि उहाँले यसको लागि तपाईलाई बोलाउनुभएको छ भने, त्यहाँ यो हुनको निम्ति रोक्ने केहि पनि छैन। त्यहाँ पिडामा दुष्टहरु पर्याप्त छैनन्, तर जे परमेश्वरको वचन छ त्यो प्रकट हुँदछ। तपाई एउटा उदेश्यको लागि जन्मनुभएको हो, र कसैले पनि तपाईको स्थान लिन सक्दैन। तपाईसँग नक्कल गर्ने र सबैथोक हुनसक्छ, तर त्यसले तपाईको स्थान कहिल्यै पनि लिनेछैन। सहि हो। परमेश्वरको वचनको विजय हुनेछ। यो असफल हुनसक्दैन। त्यहाँनिर हो हरेक इसाई खडा हुनुपर्छ, त्यो—त्यो जानेर। अनि परिक्षा आउनेछ, र हरेक तरिकामा देखिन्छ, तपाईलाई। तर याद गर्नुहोस्, परमेश्वरको एउटा उदेश्य छ, र यो सबैले काम गर्नेछ।

95 अब हामी परमेश्वरको वचन पूरा भएको केहि—केहि घटनाहरुलाई फिर्ता बोलाउछौ, र तिनीहरु जसले आफ्ना युगहरुमा वचनलाई राखेका थिए।

96 म—मैले आत्मामा महसूस गरे, धेरै समय भएको छैन, कि कसैले मेरो आलोचना गर्दै हुनुहुन्थ्यो। यो टेपको जमिनमा भएको हुनसक्छ। सधै यति धेरै उल्लेख गर्दै, पछाडि जानुहोस् र मैले के भन्दैछु त्यसमा बाइबलका पात्रहरु लिनुहोस्। ठिक छ, म त्यो एउटा उदेश्यको लागि गर्छु। बाईबलले भन्छ कि यी कुराहरु यस कारणले लेखियो ताकी हामीले तिनीहरुलाई हेर्न सकौ। र त्यो मात्रै तरिका हो, कुनै शिक्षा बिना, मैले गर्न सक्ने एक मात्र तरिका, पछाडिका कुरालाई उल्लेख गरेर भन्ने हो, "तपाईले देख्नुहुन्छ *यो* कहाँ खडा हुन्छ, यसबाट के भयो, कहाँ *यो* एउटा घटना घट्न गयो।" बुझ्नुभयो? र त्यसपछि तपाईले केवल आफैलाई त्यस ठाउँमा राख्नुहोस्।

97 जस्तो मैले प्रचार गर्दै थिए, धेरै अगाडि होइन, एउटा सानो केटो जो डुंगामा थियो, तपाईलाई थाहा छ, र—र बुढो कप्तान मर्दै थियो। उहाँ बिमार हुनुहुन्थ्यो। र उहाँले सोध्नुभयो यदि त्यहाँ बोर्डमा बाइबल थिएन कि भनेर। र तिनीहरुले एउटा सानो केटा भेट्टाए जोसँग बाईबल थियो, र उनी आए र यशैया ५३:५ पढे। "उनी हाम्रा अपराधहरुको निम्ति घायल भए, हाम्रा अधर्मको खातिर पेलिए।" र उसले भन्यो, "मलाई...मलाई भन्न दिनुहोस्, कप्तान, मेरी आमाले यसलाई कसरी पढ्ने गर्नुहुन्थ्यो।" भन्यो, "उहाँले यस तरिकामा लेख्नुभएको थियो: 'उनी विली प्रुइटको अधर्मको लागि घाइते भए। र विली प्रुइटको लागि उहाँलाई दण्डित गरियो। र यी सबै कुराहरु जुन उहाँले गर्नुभएको थियो, त्यो विली प्रुट लागि थियो।'" त्यो

उहाँको नाउँ थियो।

बुढो कप्तानले भने, "मलाई त्यो मन पर्छ। के तिमीले यसमा मेरो नाम पढ्न सक्छौ?"

98 उसले भन्यो, "म कोशिष गर्नेछु।" र उसले भन्यो, "उनी जोन क्वार्जको अधर्मको निम्ति घायल भए। उनलाई जोन क्वार्जको अधर्मको लागि पेलिएको थियो। र उनको कोर्रले जोन क्वार्ज निको भए।"

उनले भने, "म यो देख्छु।" र परमप्रभुले उनलाई निको पार्नुभयो। बुझ्नुभयो?

99 यसमा तपाईको नाम पढ्नुहोस्। उनी विलियम ब्रन्हामको अपराधको निम्ति घाईते भए। उनी विलियम ब्रन्हामको अधर्मको लागि पेलिए। उहाँले त्यो मेरो निम्ति गर्नुभयो, र उहाँले त्यो तपाईको निम्ति गर्नुभयो। यसमा तपाईको नाम पढ्नुहोस्।

100 ठिक छ, त्यस तरिकामा म—मेरा मानिसहरुको माझमा धर्मशास्त्र ल्याउन चाहन्छु, यहि नै उहाँले कसैको निम्ति गर्नुभयो जसले उहाँको आज्ञा पालन गरे। जे उहाँले कसैको निम्ति गर्नुभयो त्यो कारणको लागि सत्य थियो, र जे उहाँले कसैको लागि गर्नुभयो त्यो कारणको लागि असत्य थियो, तब तपाई यसमा आफ्नो नाम पढ्नुहोस्। यदि तपाई त्यहाँ हुनुहुन्थ्यो भने, कस्तो अडान तपाईले लिनुहुने थियो? र याद गर्नुहोस्, तपाईले सुअवसर पाउनुभएको छ, आज, त्यहि खालको अडान लिने।

101 जब, नोआ, वचनको निन्दा प्रति जुन उनलाई परमेश्वरले बोल्नुभएको थियो। नोआ, त्यहाँ उनलाई एउटा निन्दा थियो। नोआ वैज्ञानिक युगमा बस्थे, जहाँ त्यहाँ एउटा वैज्ञानिक उपलब्धिहरु थियो जुन तिनीहरुले उत्पादन गर्न सक्षम थिए, जुन हामीले आज उत्पादन गरेका कुनै पनि कुरा भन्दा पर थियो। तिनीहरु उज्वल थिए, अझ बढी बुद्धिमानी थिए। तिनीहरुको विज्ञान हाम्रो भन्दा पनि, अझै उन्नत थियो। र केवल याद गर्नुहोस्, उनले प्रचार गरेका वचनको निन्दामा उनी खडा हुनुपर्थ्यो। एक सय बिस वर्ष, गिल्ला गर्नेहरुको सामू बसे। तिनीहरुको महान वैज्ञानिक तरिकाले त्यहाँ आकाशमा कुनै पानी छैन भनेर तिनीहरुलाई प्रमाणित गर्यो। तर, अझै पनि, नोआले परमप्रभुको वचन सुनेका थिए, र यो यस सम्बन्धमा तिनीहरुको अवधारणाको विपरित थियो। त्यसैले, उसको

जीवन बचाईनुभन्दा अगाडि, उनी तिनीहरुको सामू उभिनुपर्थ्यो र यी गिल्ला गर्नेहरुको निन्दा उनले सहनु पर्थ्यो जसबाट तिनीहरुले निन्दा गरेका थिए।

102 ओ, त्यहाँ कुनै संका छैन, कमजोर बुढो प्रचारक प्रति तिनीहरुले बिचार महसूस गरेको हुनुपर्छ। तिनीहरुले उनलाई अलग राख्ने वा त्यस्तो केहि पनि गरेका थिएनन् होला, किनभने शायद त्यस किसिमका धेरै घरहरु त्यस समयमा थिएनन्। उनी हानि रहित थिए। उनले कसैलाई चोट पुराउनेवाला थिएनन्, त्यसैले तिनीहरुले उनलाई त्यत्तिकै छोडिदिए। "अगाडि बढ, पुरानो अन्धभक्त त्यहाँ पहाडको एक छेउमा, त्यहाँ डुंगा बनाउदै जहाँ पानी नै छैन। ओ, ठिक छ, गरीब बुढो साथी! तर," र यसो भन्दै, "तपाईले आफ्नो डुंगा तैर्नको लागि, पानी कहाँबाट ल्याउने, नोआ?"

"यो आकाशबाट तल आउदैछ।"

103 "बकवास। हामीले राडारबाट, चन्द्रमा र ताराहरुमा प्रहार गर्नसक्छौ," जे केहि पनि तिनीहरुसँग थियो। "त्यहाँ माथि कुनै वर्षा छैन।"

तर उनले भने, "परमेश्वरले भन्नुभयो कि उहाँले केहि त्यहाँ माथि राख्नेवाला हुनुहुन्छ।"

"उहाँले यो कसरी गर्न जाँदै हुनुहुन्छ?"

104 "त्यो उहाँको काम हो। मेरो एकमात्र काम चाहि मैले तपाईहरुलाई यहाँबाट बाहिर निस्किनको लागि चेतावनी दिने हो।"

105 अहिले पनि उस्तै नै छ। "आगो कहाँबाट आईरहेको छ?" भाई, यो नोआको समयमा भएको भन्दा आज थोरै सरल छ। हामीले पहिले नै देखिसक्यौ यो कहाँ छ भनेर। केवल प्रहार गर्नको लागि तयार छ, त्यहि नै हो। विज्ञानले पहिले नै...यस पटक त्यहाँ कुनै बहाना छैन, बिल्कुल, किनकि विज्ञानले यो भेट्टाईसकेको छ। हो, श्रीमान।

106 त्यसैले अब हामीले पाउछौ कि यो एकदम एउटा कुरा थियो। त्यसैले तिनीहरुले कमजोर बुढो प्रचार प्रति बिचरा महसूस गरे, र उनलाई जान दिईराखे। यो एउटा अनौठो कुरा थियो, शायद, ती मानिसहरुको लागि, यो सोच्न कि त्यो मानिस जो बुद्धिमानी हुन पर्ने थियो, र परमेश्वर, स्वर्ग र पृथ्वीको सृष्टिकर्तालाई विश्वास गर्नेले, यस्तो कुरा गर्छ, वा केहि कुरा भन्छ जुन उहाँले गर्न जाँदै हुनुहुन्छ भन्छ, जुन ती मानिसहरुको विचार गर्ने तरिकाको विपरितमा छ, तिनीहरुसँग भएका भन्दा विपरित। शायद

तपाईले बुझ्नुभएको छैन होला। हेर्नुहोस्। थियो...तिनीहरुले सोचेका थिए कि तिनीहरुले हरेक प्राकृतिक कुराहरु तिनीहरुका विज्ञानद्वारा प्रमाणित गर्न सक्छन्। यदि त्यहि किसिमको एउटा संसारमा आज हामी बसिरहेका छैनौ भने, बुद्धिमानी, विज्ञानले भरिएको शैक्षिक संसार! र जे पनि कुरा तिनीहरुले, गलत भनि साबित गर्नसक्छन्, परमेश्वरको..."कुनै पनि परमेश्वरले कुनै यस्तो कुरा बोल्न (थिएन) सक्नुहुन्न जुन वैज्ञानिक रुपमा त्यो प्रमाणित गर्न सकिन्न जुन त्यहाँ थिएन।"

107 अब, तिनीहरुसँग उही विचार आज छ। यदि तपाईको चिकित्सकले भन्छ कि तपाईमा क्यान्सर छ, तपाई मर्नुहुन्छ, र विज्ञानले तपाईमा क्यान्सर छ भनि प्रमाणित गर्छ, र यो उन्नत अवस्थामा छ, यसको विपरितमा केहि फरक सोच्नु मूर्खता हो, किनभने तपाई मर्नेवाला हुनुहुन्छ; त्यहि नै हो। विज्ञानले भन्छ तपाई मर्नेवाला हुनुहुन्छ। तिनीहरुले तपाईलाई जाँच गरेका छन्, र त्यो नै सबै हो। तपाई मर्न जाँदै हुनुहुन्छ। र तिनीहरुले यो पागलपन सोच्छन् यदि परमेश्वरले निको पार्नुहुन्छ भनि प्रतिज्ञा गर्नुभएको छ भनि तपाईले भन्ने कोशिष गर्नुभयो भने। हेर्नुहोस्, जस्तो यो भएको थियो, तपाईले त्यो निन्दाको सामना गर्नुपर्छ।

108 तिनीहरुले भन्छन्, यदि यहाँ चिकित्सकले भन्छ भने, "हामीले जाँच गरी हेर्यौं, र क्यान्सर गम्भीर छ। हामीले तपाईलाई खोलेर हेर्यौं। यो तपाईको शरीरै भरि छ, तपाईको मुटुमा, तपाईको फोक्सोमा, तपाईको कलेजोमा, सबैतिर छ। यो असम्भव छ।"

त्यसैले, तपाई देख्नुहुन्छ, जब तपाईले भन्नुहुन्छ, "तर उ जसरी पनि, जिउनेवाला छ।"

तिनीहरुले भन्छन्, "ठिक छ, गरीब साथी, उनलाई एक्लै छोडिदेउ।"

109 म रात सम्झन्छु। बिल हल, तल मिल्टन चर्चको भाई हल, तपाईहरु धेरैले यो मामला सम्झनुहुन्छ। र जब उसले...तिनीहरुले मलाई बोलाए। मेरी श्रीमती, सासु–आमा र म, यहाँ बाहिर गयौ। उहाँले एउटा केटिलाई विवाह गर्नुभयो जो एउटा बहिनी हुनुहुन्थ्यो, म विश्वास गर्छु, जर्ज कपको, जो शहरको प्रमुख हुनुहुन्थ्यो, वा यहाँको न्यायधीश हुनुहुन्थ्यो। उसको... उहाँ उनको जेठाजु हुनुहुन्थ्यो। तिनीहरुले उहाँलाई मर्नको निम्ति यहाँ ल्याउनुभयो। मिलटाउनका डाक्टर, न्यु अल्बानीका डाक्टरले, उनको अवस्था कलेजोको क्यान्सर हो भनि निदान गरे। त्यसैले म श्रीमती हललाई

भेट्नको लागि तल गए। र उहाँलाई जण्डिस लागेको थियो, र उहाँ पुरै पहिले हुनुहुन्थ्यो। र मैले भने, “ठिक छ, मलाई लाग्छ उहाँ मर्नेवाला हुनुहुन्छ।” र मैले भने...

110 उनले भनिन्, “भाई बिल, के त्यहाँ कुनै तरिका छ...के तपाईले परमेश्वरबाट सुन्न सक्नुहुन्छ?”

मैले भने, “म—मलाई थाहा छैन, बहिनी हल। म प्रार्थना गर्नसक्छु।”

111 मैले प्रार्थना गरे। र म घर फर्केर गए, र प्रभुले मलाई केहि पनि भन्नुभएन। त्यसपछि म फर्केर गए, अर्को दिन, र मैले फेरी प्रार्थना गरे।

र उनले भनिन्, “के तपाईले कुनै असल चिकित्सकलाई चिन्नुहुन्छ?”

112 मैले भने, “अँ, हाम्रो पारिवारिक चिकित्सक डा. साम अडेर हुनुहुन्छ, तल यहाँ जेफरसनभिल। उहाँ—उहाँ—उहाँ...उहाँको बुवा हाम्रो पारिवारिक चिकित्सक हुनुहुन्थ्यो। जवान साम र सधै बच्चै देखिका साथीहरु थियौ, र—र हामी एकै समयमा विद्यालय जान्थ्यौ, सँगै हुर्केका थियौ। केहि समस्या भयो भने हामी सधै उनीकहाँ जान्थ्यौ।”

उनले भनिन्, “म सोच्छु कि यदि उहाँ आएर बिल हललाई हेर्नुहुन्थ्यो कि?” उनको श्रीमान।

मैले भने, “म उहाँलाई सोध्नेछु।”

113 ठिक छ, सामले मलाई भन्यो, उनले भने, “बिल्ली, यदि चिकित्सकले उहाँलाई क्यान्सर छ भनेको छ भने,” भन्यो, “त्यहाँ मात्र एउटा काम छ, मैले गर्नपर्ने, म उसलाई कसैकोमा पठाउछु जो म भन्दा पनि होसियार छ, एउटा विशेषज्ञकहाँ। र हामीले एक्स–रे लिनेछौ; अनि त्यसपछि हामी उसलाई कुनै पनि समस्यामा राख्नेछैनौ।”

114 हामीले न्यु अल्बानीमा पठायौ र त्यहाँ तल चिकित्सकबाट एक्स–रे पायौ। उहाँलाई लुइसभिलमा लगे र उहाँलाई जाँच गरे, उहाँलाई एम्बुलेन्समा लगे, र उहाँलाई फर्काएर ल्याए।

115 ठिक छ, अवश्य पनि, उहाँले श्रीमती हललाई समयसा के छ भन्नुहुन्न थियो, त्यसैले उहाँले मलाई कल गर्नुभयो। उसले भन्यो, “ऊ मर्नेवाला छ,” भन्यो, “तिम्रो प्रचारक मित्र।” भनिन्, “लुइसभिलको विशेषज्ञले भर्खरै मलाई बोलाए, र भन्यो, ‘चिकित्सकहरुले दिएका—निदान...तल मिल्टनमा; र चिकित्सक, न्यु अल्बानी। सहि प्रकारको निदान दिनुभयो।’”

र भन्यो, "यो कलेजोको क्यान्सर हो, र यो गम्भीर छ। र, बिल्ली, हामीले मानिसको कलेजो काटेर, जीवित राख्न सक्दैनौ।" भन्यो, "उनी मर्नेवाला छ। र यदि उहाँ एक प्रचारक हुनुहुन्छ भने, ऊ तयार हुनुपर्छ।"

116 मैले भने, "त्यो प्रश्न होइन। तर उहाँ पचपन्न वर्ष भन्दा बढि उमेरको छैन, त्यसैले उहाँसँग अझै पनि पर्याप्त जीवन छ, प्रचार गर्नको लागि।" र मैले भने, "ठिक्क छ, यदि उहाँ मार्दै हुनुहुन्छ भने, त्यसोभए यस कुराले मामिला टुंग्याउछ। डा. साम, धन्यवाद।"

117 र म तल गए र श्रीमती हललाई बोलाए, मैले उहाँलाई भने। मैले भने, "श्रीमती. हल, सामले भने कि त्यहाँ लुइसभिलको निदान न्यू अल्बानी र मिलटाउनमा जस्तै नै थियो। मानिस मर्दैछ। भाई हल मर्नेवाला हुनुहुन्छ। र उहाँको कलेजोमा क्यान्सर छ, र यो गम्भीर छ।"

118 र त्यसैले उहाँ रुन थाल्नुभयो। म चारैतिर फर्किए, उहाँसँग प्रार्थना गरे। र उहाँ आफैबाट यति बेहोश हुनुहुन्थ्यो, तब, यतिसम्म कि उहाँलाई म त्यो कोठामा छु भन्नेसम्म पनि थाहा थिएन।

119 त्यसैले, म फर्केर आए। र धेरै मानिसहरु घरमा आए, ती दिनहरुमा। मैदानमा कोहि पनि थिएन। यो त्यति धेरै दूषित भएको थिएन, र मानिसहरु जतातत‍ैबाट आउदै थिए।

120 म थोरै आराम गर्न चाहन्थे। त्यसैले म भित्र गए, चाडो उठे, लगभग दुइ–तिस, वा तिन बजे। भाई वूड अझै पनि माथि लेनमा सर्नुभएको थिएन। र मैले बाहिर धावनमार्गमा हेरे, र त्यहाँ कोहि पनि, बाहिर कोहि पनि थिएन, त्यसैले मैले मेरो पुरानो टोपी लिए र खोरको कोठाभित्र गए, र मेरो.२२ राईफल लिए। र बाहिर गएर लोखर्केको शिकार गर्नेवाला थिए, लगभग आठ नाबजुन्जेलसम्म त्यहाँ भए। र त्यसपछि कतै रूखमा पल्टिए र थोरै निन्द्रा पुर्याए। तपाई घरको वरपर आउन सक्नुहुन्न थियो।

121 मैले मेरो टोपी लिए र घरबाट शुरू गरे। भित्तामा झुण्डिएको एउटा स्याउ थियो। र त्यो—सबैभन्दा दूषित स्याउ थियो। यो किराले खाएको थियो, र यो गाढा थियो, र यो जतातत‍ै रूखो थियो। र मैले सोचे, "मैदाले त्यो पर्खालमा के को लागि झुण्ड्याईन्?"

122 र मैले याद गरे, फेरी, र यो भित्तामा थिएन। यो त हावामा झुण्डिरहेको थियो। मैले मेरो पुरानो टोपी निकाले, राइफल कुनामा राखे, र मेरो घुँडामा टेके। मैले भने, "प्रभु, तपाईको दासलाई के थाहा दिनुहुन्छ?"

123 तल अर्को आउँछ, तल अर्को आउँछ, जबसम्म करिब चार वा पाँच स्याउ (मैले अहिले भुले त्यो कुन थियो) त्यहाँ झुण्ड्याईयो। त्यसपछि एउटा महान ठूलो, राम्रो स्याउ, यसमा धारीहरु; केवल एउटा धेरै ठूलो, स्वच्छ देखिने स्याउ, तल आयो र ती सडेको जस्तो देखिने स्याउहरुलाई काट्यो। र उहाँले भन्नुभयो, "उठ। आफ्नो खुट्टामा उभिऊ।" भन्नुभयो, "जाऊ, बिल हललाई भन, ऊ मर्नेवाला छैन। ऊ जिउन जाँदैछ।"

124 ओ, मैले सक्नेसम्म चाडो कुदेर गए, र मैले भने, "श्रीमती. हल, मैले **परमप्रभु यसो भन्नुहुन्छ** पाए। उहाँ जिउनुहुनेछ।" र उहाँले मलाई सुन्नुभयो। र उहाँ रुन कोशिष गर्दै हुनुहुन्थ्यो, र उहाँ कत्ति पनि बोल्न सक्नुहुन्न थियो।

125 म फर्केर आए र सामलाई बोलाए। र मैले भने, "साम, हाम्रो—हाम्रो भाई जिउनेछ।"

उसले भन्यो, "ऊ त्यसरी कसरी जिउन सक्छ?"

126 मैले भने, "त्यो कसरी थाहा पाउने मेरो काम होइन। परमेश्वरले त्यसो भन्नुभयो। त्यतिले समाधान गराउछ।"

127 उहाँ आज जिईरहनुभएको छ। त्यो लगभग दश वर्ष भईसक्यो। केवल बलियो र स्वस्थ। त्यसबेला देखि उनकी श्रीमतीको मृत्यु भईसकेको छ। उहाँले फेरी अर्को विवाह गर्नुभएको छ।

128 यो जर्ज राईटसँग कसरी हुन जानेछ, र धेरैजनालाई हामीले भन्न सक्छौ, जसलाई हामीले बोलाउन सक्छौ? यो के हो? यो निन्दाको सामना गर्नु हो। तिनीहरु हास्छन् र ठट्टा गर्छन्।

129 म सम्झन्छु जब ३७ बाढी आउन भन्दा अगाडि। म त्यहाँ फल्स सिटी ट्रान्सफर कम्पनीसँग उभिए, र तिनीहरुलाई यस विषयमा भन्दै थिए, त्यहाँ बत्तिस फिट पानी हुनेछ, मलाई लाग्छ, यो स्प्रिंग स्ट्रिटमा थियो। तिनीहरु म प्रति हाँसे। तिनीहरुले भने, "गरीब बिल्ली। मलाई लाग्छ ऊ...त्यो बच्चा!" त्यसबेला म केवल एउटा सानो केटा थिए। उसले भन्यो, "बिल्ली एउटा असल बच्चा हो। यो शर्मको कुरा हो कि ऊ यो सबैकुरामा मिसिएको छ।" म झुक्किएको थिएन। मेरो भर्खरै *भित्र* बप्तिष्मा भएको थियो, मिसिएको थिएन। म केवल "भित्र।" र बस त्यस तरिकामा भयो।

130 मैले बोलिरहेको बेला देखि, मैले बहिनी ह्याट्टी राईटलाई याद गरे, मलाई लाग्छ, त्यहाँ पछाडि बसिरहनुभएको छ। उहाँलाई त्यो बिलहलको घटना

याद छ। धेरै। कतिजना यहाँ हुनुहुन्छ, आज बिहान उपस्थित हुनुहुन्छ, त्यो घटना सम्झनुहुन्छ? ओ, मेरो! पक्कै पनि। त्यहाँ तपाईहरु धेरै हुनुहुन्छ।

131 अब, निन्दा गर्नेहरुको दिनहरुमा, उनीहरु हाम्रो निम्ति पछुतो महसूस गर्छन्, ती जो कोहि जसले वचनलाई पक्रिरहन्छन् उनीहरुको निम्ति पछुतो महसूस गर्छन्। तर, याद गर्नुहोस्, निन्दा आउनु नै पर्छ। यो सधै त्यहि तरिकामा भएको छ। तिनीहरुले सोचेको हुनुपर्छ, जस्तो तिनीहरुले त्यस बेला गरेका थिए, कुनै पनि कुरा वैज्ञानिक रूपमा प्रमाणित भईसकेपछि, कि परमेश्वरले केहि पनि बोल्नुहुन्न जुन विज्ञानको विरुद्ध हुन्छ। ठिक छ, त्यहि कुराले नै उहाँलाई परमेश्वर बनाउछ। यदि उहाँ केवल विज्ञानको अनुसार जानुहुन्थ्यो भने, त्यो मानिसले हासिल गर्न सक्ने कुरा भन्दा बाहेक अरु केहि कुरा हुने थिएन। तर, उहाँ परमेश्वर हुनुहुन्छ। उहाँ—उहाँ विज्ञानको सृष्टिकर्ता हुनुहुन्छ। उहाँले जे इच्छा गर्नुहुन्छ त्यो गर्नसक्नुहुन्छ।

132 तिनीहरुले सोचेको हुनुपर्छ, "गरीब नोआ, ठिक छ, त्यो बुढोलाई एक्लै छोडिदेऔ। हामीले यी दिनमा गरेका सबै रमाईला कुराहरु उसले गुमाएका छन्, त्यसैले उसलाई एक्लै छोडि देऊ।" यो आज उस्तै छ।

133 तर, अब, म ठिक यहाँ अर्को कुरा भन्न चाहन्छु। अब, हामी पछाडि फर्केर हेर्छौं र उनको विश्वासको प्रशंसा गर्छौं। तर म सोच्छु, यदि हामी त्यस दिनमा जिउथ्यौ भने, के हामीले उहि अडान लिने थियौ जुन नोआले लिएका थिए? के हामी सत्यतासँग आउने निन्दामा खडा हुन सक्षम र इच्छुक हुनेथियौ? जब, त्यसबेला संसारमा भएका लाखौ मानिसहरुमा, त्यहाँ नोआ र उनको परिवार मात्रै त्यस सत्यताको लागि खडा भए। के तपाईले यसको बारेमा सोच्नुभयो? मात्रै त्यस मानिस र उनको तिन छोराहरु, र उनको बुहारीहरु, उनको पत्नी, उनीहरु मात्रै थिए जो सत्यको निम्ति खडा भए। तर उनीहरुसँग **परमप्रभु यसो भन्नुहुन्छ** थियो। हामी फर्केर उहाँलाई हेर्छौं र प्रशंसा गर्छौं। के हामीले फेरी पनि यो सोच्न सक्छौ?

यी नानीहरुको उपहारको लागि मैले चाडो गर्नुपर्छ।

134 अब्राहाम, *अब्राहाम* शब्दको अर्थ "धेरैको पिता," जसले उनलाई "राष्ट्रहरुका एक पिता" बनाए।

135 अब, अब्राहामले परमेश्वरको वचन सुने। अब्राहाम एक अगमवक्ता थिए, र उनले परमेश्वरको वचन सुने। र हामी अब्राहामलाई परमेश्वरको वचन पक्रिरहेकोमा प्रशंसा गर्छौं; कसरी उनले आफैलाई आफ्ना आफन्तहरुबाट

छुटाए; यो अब्राहामको लागि कति कठिन थियो। उनी त्यहाँ हुर्केका थिए। बाबेलबाट तल आए, र—र त्यहाँ तल शिनार र—र—र कल्दीहरुको देशमा, ऊर शहरमा, जहाँ उनका सबै संगीहरु, उनका मानिसहरु, र तिनीहरु जससँग उनी मण्डली गएका थिए, र सबैकुरा। तर परमेश्वरले भन्नुभयो, "आफैलाई अलग गर्।" ओ, मेरो! त्यो कति डरलाग्दो कुरा थियो, ती सबैकुरा छोड्न जुन उनले प्रिय मान्थे, सबैकुरा जुन उनको लागि वास्तविक थियो, जुन उनले प्रिय मान्थे। र परमेश्वरले उनलाई भने, "आफैलाई अलग गर्।"

136 र उनलाई एउटा एकदम विचित्र कुरा दिनुभयो। "तेरो पत्नीद्वारा तैले एउटा बच्चा जन्माउनेवाला छस्।" र ऊ पचहत्तर वर्षको थियो, र उनी पैसठ्ठी वर्षकी थिईन्। यो उनीसँग महिलाको रूपमा हुन बन्द भयो, जसरी महिलाहरुको बच्चा जन्माउनको लागि अवस्था हुनपर्ने थियो, वर्षौंसम्म। र यहाँ, उनी एउटा सानी केटी हुँदा देखि नै बसिरहदा, किनकि उनी उसको अर्ध बहिनी थिईन्, र तब कसरी उसले कहिल्यै बच्चा ल्याउन सक्छ? र अब के तपाई अब्राहाम उनको आफन्तहरुमाझबाट बाहिर गएर यसो भन्दै गरेको, कल्पना गर्न सक्नुहुन्छ, "हामीले एउटा बच्चा पाउनेवाला छौ, सारा र म"? के तपाईले त्यो कल्पना गर्न सक्नुहुन्छ?

137 किन, मानिसहरुले भने, "गरीब बुढो मित्र, त्यहाँ ऊ सँग केहि समस्या छ।"

138 यो निन्दाको कुरा हो, तर अब्राहामले त्यसमा रहे। र जब उ एक सय वर्षको वृद्ध भए, उनी परमेश्वरको प्रतिज्ञामा कहिल्यै पनि डगमगाएनन्। उनी अझै पनि निन्दामा खडा बसे, निश्चय नै, यसलाई पक्रिराखे।

139 तपाईले त्यहाँ भिन्नता याद गर्नुहुन्छ? साराले अब्राहामलाई दिन कोशिष गरिन्, वा परमेश्वरलाई दिन, न कि, एउटा सानो सहायता, उनी आफैले दिन खोजिन्, उनले सोचिन्, तपाईलाई थाहा छ, कि, परमेश्वरले गर्नुभएको प्रतिज्ञा भन्दा अन्यथा। "अब, तपाईलाई थाहा छ, म एक वृद्धा महिला हुँ, तर हागार एक सुन्दर स्त्री छिन्। अब्राहामले उसलाई पनि, विवाह गर्नमा आपत्ति जनाए नन्। त्यसैले, तपाईलाई थाहा छ, त्यसले—त्यसले परमेश्वरलाई मद्दत गर्नेछ। त्यसले परमेश्वरलाई मद्दत गर्नेछ, किनकि हागार, यहाँ, उनी शायद मात्रै बिस वर्ष कि होलिन्। उनी मेरी दासी हुन्। र तपाईलाई थाहा छ म के गर्नेछु? म उनलाई मेरो श्रीमानलाई दिनेछु, एउटा श्रीमती

हुनको लागि," किनकि बहु विवाह वैध थियो। त्यसैले उसले भन्यो... "म उसलाई दिनेछु, र उसले मेरो श्रीमानबाट एउटा बच्चा जन्माउनेछ, र त्यसपछि म बच्चा लिनेछु। र त्यहि नै एउटा हो, परमेश्वरले प्रतिज्ञा गर्नुभएको।"

140 तपाईले देख्नुहुन्छ, हामीले सधै केहि गर्न खोज्छौ; उहाँलाई पर्खन सक्दैनौ। हामीलाई, आफैले नै केहि गर्नपर्छ। शायद सबै ठिकै थियो। उनी सुन्दर हुन सक्छिन्। यो एकदम राम्रो पनि देखिन्थ्यो होला, तर यो वचन अनुसार थिएन। परमेश्वरले अब्राहामलाई बच्चा साराबाट आउदैछ भन्नुभएको थियो।

141 सानो बगालको बारेमा उहाँले के भन्नुभएको थियो तपाईलाई याद छ? "यी चिन्हहरुले तिनीहरुलाई पछ्याउनेछ जसले विश्वास गर्दछ," "जस्तो नोआको दिनहरुमा भएको थियो, मानिसको पुत्र आउने दिन पनि त्यस्तै नै हुनेछ, जहाँ थोरै, आठओटा प्राणहरु मात्रै, बाँचे।" ती वचनहरु विफल हुन सक्दैन, त्यसैले हामी नजिकबाट हेरौ र वचनसँगै बसौ। ठिक छ। बुझ्नुभयो?

142 मानिसहरु सधै केहि कुरा उत्पादन गर्न खोज्दछ, परमेश्वरको सृजनात्मक इच्छाको ठाउँ लिन खोज्दछन्। तपाईले देख्नुहुन्छ, जसरी मैले अक्सर भएको छु, र शायद मण्डली हुन भन्दा अगाडि, अगाडि, तपाईलाई थाहा छ, तपाईले भेडालाई सोध्न सक्नुहुन्न, "के तिमीले मेरो लागि केहि ऊन उत्पादन गरिदिन्छौ?" होइन, उसले त्यसो गर्न सक्दैन। अब, एउटा बाख्राले ऊन उत्पादन गर्न सक्दैन, किनभने उसको स्वभावले उसलाई यो गर्न दिदैन। चाहे तपाईले जत्तिसुकै एउटा बाख्रामा भेडाको ऊन बाध्न खोजे पनि, यसले काम गर्दैन। बाख्राले ऊन उत्पादन गर्न सक्दैन, र एउटा भेडाले केश बनाउन सक्दैन। तर उसमा ऊन छ किनभने ऊ एउटा भेडा हो। त्यसले नै उसलाई बनाउछ। उसले उत्पादन गर्दैन।

143 हामीले आत्माको फलहरु उत्पादन गर्नपर्ने होइन। हामीले आत्माको फल त फलाउन पर्ने हो। स्याउको रुखले स्याउ उत्पादन गर्दैन; यसले केवल फलाउछ किनभने यो एउटा स्याउको रुख हो।

144 र यदि हामीले केहि पनि कुरा उत्पादन गर्ने कोशिष गर्छौ भने, "म यस कार्यमा मद्दत गर्नेछु। म दस वर्षसम्म सेमिनारीमा अध्ययन गर्नेछु। म *यो, त्यो,* वा *अर्को* सिक्नेछु, र मेरो कलामा स्नातक र मेरो डाक्टरको डिग्री

प्राप्त गर्नेछु। म एक्लैले, परमप्रभुलाई मद्दत गर्नेछु।" यसले काम गर्दैन।

145 परमेश्वर, पूर्वनियुक्तद्वारा, उहाँले इच्छा गर्नुभएकोलाई बोलाउनुहुन्छ। उहाँले राज्य दिन चाहनुहुने सबैलाई राज्य दिनुहुन्छ। हामीले त्यो नबुकदनेसरबाट सिकेका थियौ।

146 हामीले त्यो यर्मियाबाट—बाट सिकेका छौ। जब परमेश्वरले उनलाई भन्नुभयो. परमप्रभुको वचनद्वारा। कि, त्यहाँ यस्तो समय आउनेछ जब इस्राएल बेबिलोनमा सत्तरी वर्षको लागि अधिनमा हुनेछ। यहाँ अर्को अगमवक्ता माथि आउछ। उहाँले उनलाई पहिले नै बताउनुभयो, भन्नुभयो, "अब, तिमीसँग अगमवक्ताहरु हुनेछ, तिनीहरु उठ्नेछन्। र तिमीसँग बेबिलोनमा तिनीहरु हुनेछन्, जो माथि उठ्नेछन्, र स्वप्नदर्शी र अगमवक्ताहरु, जसले यसको विपरितमा अगमवाणी बोल्नेछ। तर मानिसहरुलाई तिनीहरुको आवाज नसुन्नको लागि भन।

147 र अगमवक्ताहरु मध्ये, हनन्याह—को नाउँको, एउटा मानिस आए। र जब यर्मिया त्यहाँ गर्दनमा एउटा जुवा राखेर त्यहाँ उभिरहेका थिए, हनन्याह माथि आए, भने, "**परमप्रभु यसो भन्नुहुन्छ**, पूरा दुई वर्षमा, परमप्रभुको सबै भाँडाहरु..." अब, मौलिक रूपमा, यो देख्दामा धेरै राम्रो देखिन्छ। "परमेश्वरले उहाँका मानिसहरुलाई आशिष दिन जाँदै हुनुहुन्छ। उहाँले सबैकुरा उस्तै तरिकामा, दुई वर्षमा ल्याउनुहुनेछ।"

148 र बाईबलले भने, यहाँसम्म कि अगमवक्ताले यर्मियाले पनि भने, "आमेन। आमेन। हनन्याय, परमप्रभुले तपाईको वचन पूरा गरून्। तर आउनुहोस् केहि कुराको लागि सोचौ, हनन्याय। हामीभन्दा अगाडि त्यहाँ अगमवक्ताहरु थिए, र तिनीहरुले महान राष्ट्रहरुको युद्धको विरुद्धमा भविष्यवाणी गरे, र अन्य त्यस्तै। तर, याद गर्नुहोस्, अगमवक्ता उनको अगमवाणी प्रकट भएपछि चिनिन्छन्।" बुझ्नुभयो?

149 त्यसपछि हनन्याह माथि आए, यर्मियाको गर्दनको जुवा लिए, सबै पूजाहारीहरु र मण्डलीको अगाडि, शायद साढे दस लाख मानिसहरु थिए। र त्यो जुवा लिए जुन परमेश्वरले यर्मियाको गर्दनमा राख्नुभएको थियो, एउटा चिन्हको लागि, र टुक्रा टुक्रामा भाँचे, र आफ्नो खुट्टामा फालिदिए, केवल उत्साहित हुँदै, र भने, "**परमप्रभु यसो भन्नुहुन्छ**, दुई वर्षमा, तिनीहरु फर्केर आउनेछन्।"

150 यर्मियाले केवल उनलाई हेरे। यो वचनको विपरित थियो, त्यसैले उनी

त्यहाँबाट निस्किए। र परमेश्वरले भन्नुभयो, "फर्केर जा र त्यसलाई भन्," भन्नुभयो, "म त्यससँग कहिल्यै पनि बोलेको छैन।'

151 उनी केवल उत्साहित थिए। उनले आफ्नै विचार लिए। बुझ्नुभयो? उनले जबसम्म वास्तवमै यो नदेखेसम्म र उहाँ नै हुनुहुन्छ भनि थाहा नगरेसम्म, र य परमेश्वरको भनाई नभएसम्म उनले कहिल्यै पनि पर्खेनन्। ऊ फर्केर गयो, सबै उत्साहित हुँदै। यदि...

152 हामीले यसलाई पाउछौ, देशैभरी, आज। एउटा घरमा हाम्रो टेपहरु मध्ये एउटा बजाईएको थियो, जहाँ सेवकहरुको एउटा समूहहरुले ठिक त्यसबेला विश्वास गरे, र येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिन आउदै हुनुहुन्थ्यो। र कोठामा एउटा मानिस उठ्यो, जसले अन्यभाषा बोले र भने, "**परमप्रभु यसो भन्नुहुन्छ**। तपाईले जे पाउनुभएको छ त्यसमा पक्रिराख्नुहोस्। केवल जारी राख्नुहोस्, अगाडि बढिरहनुहोस्, र म तिमीलाई आशिष दिनेछु।"

153 तिनीहरुले भने, "ठिक छ, यदि परमेश्वरले त्यो भन्नुभयो, मलाई लाग्छ त्यहि नै हो।" तपाईले देख्नुहुन्छ, यो वचनद्वारा जाँच गरिएको छैन। यसले पहिलो, वचनलाई लिनुपर्दछ। त्यहाँ तपाई हुनुहुन्छ। यो वचनसँग विपरित थियो।

154 यहाँ यर्मिया फर्केर आए, त्यो अभिषिक्त अगमवक्ता। परमेश्वरले उनलाई भन्नुभयो, भन्नुभयो, "मलाई थाहा छ हनन्याहले तेरो गर्दनमा भएको जुवा भाँचिदियो, जुन मैले राखिदिएको थिए, तर म फलामबाट एउटा बनाउनेछु।" उहाँले भन्नुभयो, "र यी सबै राष्ट्रहरु जसले नबुकदनेसर, मेरो दासलाई, सेवा गर्नलाई तल गएका छन्" र उनी एक अन्यजाती थिए। बुझ्नुभयो? र इस्राएल, तिनीहरुका सबै बलिदानहरु राख्दै, तर तिनीहरु थिएनन्...बुझ्नुभयो?

155 परमेश्वरले एउटा प्रतिज्ञा बनाउनुभयो, कि उहाँले आशिष दिनुहुनेछ, तर ती आशिषहरु सर्तहरुमा आधारित छन्। र तपाईले ती सर्तहरु पूरा गर्नुपर्दछ, त्यसलाई सक्रिय पार्नको लागि।

156 बसिरहदा, केहि समय अगाडि, एउटी सानी, प्यारी केटिसँग यहाँ। पहिलो, मैले त्यो परिवारको छानबिन गरे, यो हेर्नको लागि कि यदि त्यहाँ केहि खराबी छ कि भनि। परमेश्वरले निको पार्नुहुनेछ, तर यो सर्तहरुमा आधारित छ। बुझ्नुभयो? एउटै मात्र कुरा मैले फेला पारे,

त्यो, आमाले औषधि खान गलत हो कि भनेर डराउनुभएको थियो। मैले भने, "तपाईले त्यस्तो नसोच्नुहोस्, बहिनी। त्यो कुरा तपाईको दिमागबाट निकालिदिनुहोस्। बच्चासँगै जानुहोस्। उसलाई औषधि दिनुहोस्। परमेश्वरले त्यो प्रकट गर्नुहुनेछ।" बुझ्नुभयो?

157 अब, तर, पहिलो कुरा, फेला पर्यो, थाहा छ। र त्यसपछि, यदि यो **परमप्रभु यसो भन्नुहुन्छ** हो भने, ठिक छ।

158 अब हामीले यहाँ भेट्टाउछौ, यी मानिसहरु, तिनीहरुले केहि कुरा उत्पादन गर्न खोजिरहेका थिए; हागार र—र साराले अब्राहामलाई मद्दत गर्नको लागि, परमेश्वरलाई आफ्नो प्रतिज्ञा पूरा गर्न मद्दत गर्न। तपाईले त्यसो गर्न सक्नुहुन्न। त्यहाँ कुनै बाटो छैन, कत्ति पछि छैन, यो गर्नको लागि। यो—यो सबै कुराको विरुद्धमा छ। परमेश्वरको वचन पूरा हुन जाँदैछ, जसरी पनि। तपाई केवल ठिक वचनमा खडा भएर, भन्नुहोस्, "यो *यस* तरिकामा हो," र उहाँको वचनलाई राख्नुहोस्। अब, हेर्नुहोस्, उहाँको वचनको ठाउँ लिनको लागि केहि कुरा उत्पादन गर्न!

159 शायद अब्राहामका मित्रहरु पनि, यदि हामीले कहिल्यै ध्यान दियौ भने, हुनसक्छ अब्राहामका मित्रहरु उनीकहाँ आए र भने, "ठिक छ, जातिहरुका पिता, कतिओटा बालबच्चा अहिले तिमीसँग छ?" जब उनी एक सय वर्षका थिए। "भने, जातिहरुका पिता, धेरैका पिता, कतिओटा बालबच्चा अहिले तिमीसँग छ?" गिल्ला गर्नेहरु।

160 अब, के तपाईले समय देख्नुभएको छैन? के हामीले यो देखेका छैनौ, जब हामीले कहिलेकाही केहि कुराको लागि प्रार्थना गर्यौं, यो हुन आएन?

161 "यहाँ एउटा बुढो मानिस बस्नुहुन्छ," तिनीहरुले भन्छन्। "उनी अन्धो छन्। उनी बहिरा छन्। ऊ मूर्ख छ। उ बिमार छ। उसले *यो* गर्यो। त्यहाँ पर जानुहोस् र उनलाई निको पार, तिमी दिव्य चंगाईकर्ता। हामी यो विश्वास गर्नेछौ।"

162 के तिनीहरुले बुझेका छन् यो उही दुष्ट हो जसले भन्यो, "क्रूसबाट निक्लेर आउनुहोस्, र म तपाईलाई विश्वास गर्नेछु। यी ढुंगालाई रोटीमा परिणत गर्नुहोस्, अनि म यो विश्वास गर्छु"? बुझ्नुभयो? त्यहि शैतान जसले हाम्रा प्रभुको आँखा वरिपरी पट्टी बाँधेको थियो, र उहाँको टाउकोमा लौरोले हिर्काएको थियो, र भन्यो, "अब, यदि तपाई एउटा अगमवक्ता हुनुहुन्छ भने,

हामीलाई भन्नुहोस् कसले तपाईलाई हिर्कायो, अनि हामी तपाईलाई विश्वास गर्छौं।"

163 ठिक छ, तपाईलाई थाहा छ उहाँलाई कसले हान्यो भनि उहाँलाई थाहा थियो भनि। उहाँले ती ढुङ्गाहरुलाई रोटिमा परिणत गर्न सक्नुहुन्थ्यो। वा, उहाँ क्रूसबाट तल आउन सक्नुहुन्थ्यो। तर यदि उहाँले त्यसो गर्नुभएको भए आज हामी के हुनेथियौं? बुझ्नुभयो? तिनीहरुलाई परमेश्वरको कार्यक्रम थाहा छैन। परमेश्वरले के प्रतिज्ञा गर्नुभएको छ त्यो तपाईले पत्ता लगाउनुपर्दछ।

अब मैले हतार गर्नुपर्छ।

164 अब, अब तिनीहरुले यसो भनेका हुनसक्छन्, "राष्ट्रहरुका पिता, हामीले तिमीलाई सुन्यौ, पच्चीस वर्ष अगाडि नै, तिमीले साराबाट एउटा बच्चा जन्माउन जाँदैछौ भनि भनेको थियौ, र त्यसबाट मानिसहरुका जातिहरु आउनेवाला थियो। बस यो समयमा तिमीसँग कतिओटा छोराछोरीहरु छन्, जातिहरुका पिता?" ह! बुझ्नुभयो? त्यो उही नै पुरानो आलोचनात्मक आत्मा हो जसले आलोचना गर्छ।

165 अब्राहामले के गरे? बुझ्नुभयो, "उनी अविश्वासले, प्रतिज्ञामा डगमगाएनन्।"

"किन, यहाँ तपाईले *फलान–र–फलानाको* लागि प्रार्थना गर्नुभयो, र उनीहरु निको हुन सकेनन्।"

166 त्यसले केहि फरक पार्दैन। यदि आजराति मैले दस हजारजनाको लागि प्रार्थना गर्छु, र दस हजारजना बिहानमा मर्छन्, भोलि राती अझै पनि म बिरामीहरुलाई अभिषेक गर्दछु र तिनीहरुको निम्ति प्रार्थना गर्दछु। परमेश्वरले त्यसो भन्नुभयो। यसलाई रोक्न सक्दैन, अलिकति पनि रोकिदैन। परमेश्वरले यो प्रतिज्ञा गर्नुभयो। म यो विश्वास गर्छु। निश्चय नै। अझै पनि, तिनीहरुले के भन्छन् त्यसले कुनै फरक पार्दैन। तर, तिनीहरुले गिल्ला गर्नेछन्। त्यो वचनको निन्दा हो।

167 अब्राहाम, परमेश्वरको वचनमा खडा बसे, अन्ततः यो पूरा भयो। ओ, मेरो!

168 बाँझोपनको गिल्ला हेर्नुहोस्। गिल्लामा पर्दै, र बाँझोपनको निन्दा, पहिले। तिनीहरुसंग...ती सबै वर्षहरुमा उनले बाँझोपन भएको कारणले निन्दा

खेप्न पर्यो। उनी लगभग एक सयवर्ष कि थिईन्। उनी नब्बे वर्ष कि थिईन्, परमेश्वरको वचनले कि उनी पनि *राजकुमारी* हुनेछिन्, यस बच्चाको आमा हुनेछिन् भनि। र उनी र अब्राहाम, बाँझो, तिनीहरु—तिनीहरु दुवैको शरीर मरेतुल्य थियो, तर अझै पनि तिनीहरुले कहिल्यै पनि त्यो वचनलाई संका गरेनन, एक रत्ति पनि। तर उनीहरु त्यसमा खडा हुनुपर्थ्यो, पहिलो। र त्यसपछि, हाल्लेलुयाह, परमेश्वरले अन्धकारको घडीमा, उहाँको वचनलाई पूरा गर्नुभयो: इसाहाक जन्मेको थियो। "र उनको बीउ समुन्द्रका बालुवाहरु वा आकाशका ताराहरु जस्तै छ।" बुझ्नुभयो? परमेश्वरले सधै उहाँको वचनको जवाफ दिनुहुन्छ। हो। पहिलो बाँझोपन, त्यसपछि इसाहाक।

169 जकरिया र एलिशिबा, त्यसरी नै, त्यो बुढो मानिस र वृद्धा महिला, अझै पनि विश्वास गरिरहेका थिए। र जब जकरिया त्यहाँ माथि आए, र उनको शिलामा लेख्न सक्थे, र भने, "एउटा स्वर्गदूतले मलाई भेट्नुभयो, भन्नुभयो मैले एलिशिबाद्वारा एउटा बच्चा जन्माउनेछु, यहाँ मेरी वृद्धा श्रीमतीद्वारा। म अब कत्तिपनि बोल्न सक्दिन। म लाटो छु। म शिशु जन्मने समयसम्म लाटो रहनेछु। तर त्यहाँ एउटा बच्चा आउदैछ, र उनी सर्वोच्चको अगमवक्ता हुनेछन्। उनले बिहानीको तारालाई परिचित गराउनेछ। उनी मसिहको अग्रदूत हुनेछ।" यो कसरी सम्भव हुनसक्छ?

170 कतिले भने, "गरीब बुढो साथी। ओ, म—मलाई लाग्छ कि उसको एक किसिमले दिमाग खुस्केको हुनुपर्छ, तपाईलाई थाहा छ। त्यहाँ एउटा सानो केहि कुरा छ। तर त्यहाँ बाहिर वृद्धा एलिशिबालाई हेर्नुहोस्, करीब अस्सी वर्ष। र हेर्नुहोस्—हेर—जकरियालाई हेर्नुहोस्, पुरानो र काँपिरहेको, र त्यसपछि उनले त्यस खालको कुरा बताउन जाँदैथियो। ठिक छ, गरीब बुढो साथी।"

171 तर उनीसँग परमप्रभुको वचन थियो। यस्तो निन्दा भयो, कि उनले आफैलाई केहि दिनसम्म लुकाईन्। तर उनी वचनसँगै रहे। ओ, मेरो!

172 लोकप्रियतालाई इन्कार गर्दै, लोकप्रिय विचारलाई इन्कार गर्दै, तिनीहरुको दिनको सुन्दर कुराहरु, र तिनीहरुको शैली र कुराहरु इन्कार गरे। तिनीहरुले त्यसलाई इन्कार गरे। तिनीहरुले अविश्वासीहरुको भीडसँग हिड्न इन्कार गरे। तिनीहरुले संसारका कुराहरु इन्कार गरे। तिनीहरुले यो गर्नुपर्थ्यो, परमेश्वरको वचनमा रहनको लागि। तिनीहरुले यो गर्नुपर्थ्यो।

173 त्यस्तै नै आज पनि छ। तपाई र परमेश्वर मात्र हुनको लागि तपाई

सबैकुराबाट अलग्गिनु पर्दछ। यो मण्डलीले के गर्छ त्यो सम्बन्धित कुरा होइन। यो तपाईले परमेश्वरसँग के गर्नुहुन्छ त्योसँग सम्बन्धित हो। बुझ्नुभयो? यो तपाई, एक व्यक्तिगत रूपमा हो। हो।

174 तर हेर्नुहोस् परमेश्वरले उनलाई के दिनुभयो। जब येशू आफै आउनुभयो, जाकारिया गईसकेका थिए, एलिशिबा, पनि। तर जब उनको छोरा उजाडस्थानमा आए, प**रमप्रभु यसो भन्नुहुन्छ** सहित, येशूले भन्नुभयो, "स्त्रीबाट जन्मेको उनी जत्तिको महान मानिस त्यहाँ कोहि पनि थिएन।" आमेन। के? उनले बाँझोपनको निन्दालाई भोगे। उनी वचनमा रहिरहिन्, अनि यस्तो पुत्रलाई जन्माईन्।

175 पुरानो समयको सारा जस्तै, पुरानो समयको अब्राहाम जस्तै, वृद्धा दाम्पतिले यसमा स्थिर बसिरहे। हेर्नुहोस्, जो कोहि पनि कहिल्यै जन्मेका थिए, "समुन्द्रका बालुवा जत्तिकै," त्यहाँ यहूदी जत्तिकै धेरै मानिसहरुको जाति यस संसारमा कोहि पनि छैन। "समुन्द्रका बालुवा वा आकाशका ताराहरु जत्तिकै।" के भएको थियो? यो अल्पसंख्यकमा भएको थियो, एउटा बच्चा।

176 अब तपाईले देख्नुहुन्छ म कहाँ जाँदैछु। एउटा बच्चा, त्यति मात्रै लाग्थ्यो। यसले राष्ट्रहरुलाई हल्लाउन र मसिहलाई औल्याउन एउटा मात्रै बच्चा लियो। एउटा लियो, आज्ञाकारी। त्यो सहि हो। परमेश्वरलाई केवल एउटा मानिस चाहिन्छ। त्यति नै उहाँलाई चाहिन्छ, कुनै ठाउँमा उहाँले एउटा आवाज दिन सक्न। त्यति नै मात्रै उहाँलाई चाहिन्छ, एउटा मानिस उहाँको नियन्त्रणमा पाउन। ओ, एउटा मानिस पाउन उहाँले कति मन पराउनुहुन्छ!

177 उहाँले एउटा नोआ पाउनुभयो, एक समयमा। उहाँले एउटा—उहाँले एउटा मोसा पाउनुभयो, एक समयमा। उहाँले एउटा—एउटा यर्मिया पाउनुभयो। उहाँले एउटा—एउटा एलिया पाउनुभयो। उहाँले एउटा एलिशा पाउनुभयो। उहाँले एउटा यूहन्ना पाउनुभयो। उहाँ—उहाँले पाउनुभयो... उहाँले एउटा शिमशोन पाउनुभयो। जबसम्म उहाँले उहाँको नियन्त्रणमा एउटा मानिस पाउन सक्नुहुन्छ, त्यही नै उहाँको आवाज हो। उहाँले यसद्वारा बोल्न सक्नुहुन्छ। उहाँले संसारलाई दण्डित गर्न सक्नुहुन्छ। ओ, मेरो!

178 कसरी उहाँ भोको भई चढ्नुहुन्छ, उहाँको नियन्त्रणमा मानिसलाई

पाउन, "ताकी म ऊद्वारा बोल्न सकूँ। मैले मेरो आवाज चिनाउन सक्छु। यद्धपि त्यसले एउटा निन्दा खप्नेछ, तर म मेरो आवाज चिनाउनेछु।" बुझ्नुभयो? ओ, हो।

179 बाँझोपन, पहिलो। खप्नुपर्दछ, बाँझोपनको निन्दामा खडा हुनुपर्दछ। सारा यसको लागि खडा हुनुपर्यो। त्यसरी नै जकरिया र एलिशिबाले पनि खडा हुनुपर्यो।

180 हेर्नुहोस्, आज। अब म केहि कुरा भन्न जाँदैछु। आज वेश्याको बच्चाहरुलाई हेर्नुहोस्। उनले राष्ट्रहरुलाई संगठित मण्डलीको राजनैतिक शासनमा राखेकी छिन्, वेश्या र उनकी छोरीहरु। हेर्नुहोस् कस्ता मण्डलीधारी सम्प्रदायका पुस्ताहरु उठेका छन्, र कसरी थोरै मात्रै धार्मिक छन्। तपाई चिन्तित नहुनुहोस्। वचनसँगै बस्नुहोस्। यो सबै ठिक छ।

181 तपाईलाई पवित्र–भनाउदा भनिने गिल्लाद्वारा, गिल्ला गरिएको हुनसक्छ। तपाईलाई कुनै पनि किसिमका एउटा खराब नामले, बोलाईनुभएको हुनसक्छ। तर, ठिक त्यहिनिर बस्नुहोस्। यो वचन हो, वचनको निन्दा, ती कुराहरु जुन तिनीहरुले तपाईको बारेमा भन्नेछन्।

182 एउटा जवान मित्र, ऊ यस बिहान यहाँ हुनसक्छ। उ मेरो साथी हो; जिम पूल, जवान जिम, ऊ—उसका मानिसहरु। उसलाई अर्को दिन सोधिएको थियो। अँ, उसको यहाँ बप्तिष्मा भएको थियो। कसैले उसलाई सोध्यो, भन्यो, "तिमी मण्डलीमा बप्तिष्मा लिन जाँदैछौ, किन तिमीले ठूलो मण्डली, त्यस्तैलाई लिएनौ?" बुझ्नुभयो? तर उसले एउटा ज्योति देख्यो। त्यहि नै थियो। बुझ्नुभयो?

183 "धर्मीका भन्दा अधर्मीका सन्तान बढि हुन्छन्।" हो। ठिक छ। धर्मीहरुका, कति थोरै छन्! हेर्नुहोस् नोआको दिनमा कति थोरै मुट्ठीभर थियो। बुझ्नुभयो? हेर्नुहोस् यो सोदोमको दिनहरुमा के थियो। बुझ्नुभयो? धर्मीहरु कति थोरै थिए!

184 व्येश्याको कति धेरै बच्चाहरु छन्! उनले केवल कुनै पनि पुरानो तरिकामा बच्चाहरु ल्याउछिन्, तर तिनीहरु सबै हरामी बच्चाहरु हुन्। वेश्याले वेश्यालाई जन्माउछ। कुकुरले कुकुरलाई जन्माउछ।

185 र ख्रीष्टले अभिषिक्त जनलाई ल्याउनुहुन्छ। बाईबलले धर्मीलाई जन्माउछ, त्यसैले हामी साना झुण्डहरु हौ भन्ने विचारमा खडा हुनुपर्दछ। यो कति दयालु कुरा हो!

186 एफिसीको महान मण्डलीलाई हेर्नुहोस्, त्यहाँ त्यसमा केवल बाह्रजना थिए। हो। हेर्नुहोस् आज हामीसँग कस्तो समूह छ, तिनीहरुको पक्षमा। हो।

नोआको दिनमा त्यहाँ आठजना मात्रै प्राणहरु थिए।

187 लोतको दिनमा त्यहाँ केवल पाँचजना मात्रै थिए, होइन, चार जना; लोत र उनकी पत्नी, उनको दुईओटा छोरीहरु। र उनी बाहिर निस्केपछि पत्थरको खम्बामा परिणत भईन्, पछाडि फर्केकी कारणले। वास्तवमा, त्यस दिनमा तिनजना बाहिर आए।

188 र येशूले भन्नुभयो, "जस्तो ती दिनहरुमा भएको थियो।" हामीलाई ध्यान दिन र होसियार रहनको लागि भन्नुहुन्छ। धर्मीहरु कति थोरै छन्!। तर, सधै जस्तै, गिल्ला गर्नेहरुले निन्दा गर्नुपर्छ। अनि–...पहिलो, बाँझोपनको निन्दामा खडा हुनुहोस्। मेरो!

189 मैले बस चाडो गर्नुपर्छ। म...मलाई लाग्दैन...यी बच्चाहरुलाई पाउनको लागि मद्दत गर्न चाहन्छु। केवल मलाई थोरै समयको लागि सहनुहोला। बुझ्नुभयो?

190 पुरुषहरु सधै झैँ उस्तै नै छन्। अब म फेरी केहि कुरा भन्न जाँदैछु। र म चाहन्छु तपाईले...र मलाई थाहा छैन यो टेप भईरहेको छ, या छैन। तर यदि यो टेपमा छ भने, तपाईले मलाई सुनेको म चाहन्छु, तपाई टेपमा हुनुभएकाहरु। तपाईले यसलाई नछुटाउनुहोस्, तर यसलाई अध्ययन गर्नुहोस्। मानिस अहिले पहिलेको जस्तै उस्तै नै छ। उसले परमेश्वरलाई उहाँले गर्नुभएको कुरालाई धन्यवाद दिईरहेका छन्; उहाँले के गर्नुहुनेछ त्यसकुरा तर्फी हेर्दै; र उहाँले के गर्नुभयो र के गरिरहनुभएको छ भन्ने कुरालाई बेवास्ता गर्दै। उसले परमेश्वरले के गर्नुभयो त्यस कुरामा प्रशंसा गर्दैछ; उसले उहाँले भविष्यमा के गर्नुहुनेछ भन्ने कुरालाई हेर्दछ; तर परमेश्वरले के गर्दै हुनुहुन्छ त्यसलाई बेवास्ता गर्छ, र त्यहाँनिर उसले सबैकुरा छुटाउछ। मलाई आशा छ कि तिनीहरुले यो बुझ्छन्। बुझ्नुभयो? उहाँले के गर्दै हुनुहुन्छ त्यसलाई बेवास्ता गर्दै! उसलाई थाहा छ उहाँले के गर्नुभयो भन्ने; र उहाँले के गर्नुहुनेछ भन्ने प्रतिज्ञा उसले जान्दछ; तर उहाँले के गर्दै हुनुहुन्थ्यो त्यो देख्न ऊ असफल हुन्छ।

191 ओ, तपाई पेन्टिकोष्टलहरु, यदि तपाई त्यसको उदाहरण हुनुहुन्न भने! तपाई केहि कुरा हुनको लागि अगाडि हेर्दै हुनुहुन्छ: सधै जस्तै, ठिक तपाईको मुनि भयो, र तपाईलाई यो थाहा छैन। "कुखुरीले आफ्नो चल्लालाई

पखेटा मुनि बट्टुले भैँ, उहाँले तपाईहरुलाई कति पटक बुटुल्नुभएको थियो, तर तपाईहरुले मान्नुभएन।" तपाईले उहाँको वचन र उहाँको आत्माको भन्दा बढि आफ्ना परम्परा र सम्प्रदायहरुको बारेमा सोच्नुभयो। हो।

192 मरियमको लागि कति ठूलो अपमान थियो! (जसरी हामी बन्द गर्दैछौ।) उहाँको वचनको खातिर, मरियम र योसेफको लागि कति अपमान थियो! यो क्रिसमसको समय हो। मैले थोरै मात्रै समात्ने योजनामा थिए, तर तपाईले यसको बारेमा रेडियो र पाष्टरहरुको माझमा धेरै सुन्नुहुन्छ, र अन्य त्यस्तै। परमेश्वरको वचनको प्रतिज्ञा पक्रिराख्नको लागि, यो मरियम र योसेफको लागि कति ठूलो एउटा निन्दा थियो! याद गर्नुहोस्, अब। र घृणा, त्यसले आँखीभौ माथि उठायो, जब तिनीहरुले सानी मरियमलाई त्यहाँबाट गईरहेकी देखे, योसेफलाई देखे। "तिमीले वेश्यासँग विवाह गर्दैछौ।" बुझ्नुभयो? र याद गर्नुहोस्, भाई, ती दिनहरुमा व्यभिचार मृत्यु थियो। "अब, तिमीले उसलाई मर्नबाट रोक। उनी तिमीद्वारा आमा बन्नेछिन्।" र, तर, याद गर्नुहोस्, हरेक समय, परमेश्वरले तिनीहरुसँग व्यवहार गर्दै हुनुहुन्थ्यो, र यो वचन अनुसार थियो। र तिनीहरुलाई यो थाहा थिएन। बुझ्नुभयो?

193 "एउटा कन्याले एउटा बच्चा जन्माउनेछिन्।" योसेफलाई त्यो थाहा थियो। मरियमलाई त्यो थाहा थियो, किनभने, वचन लेखिए पछि, त्यहाँ एउटा स्वर्गदूत तिनीहरुसँग बोल्दै हुनुहुन्थ्यो, प्रमाणित गर्दै, वा लेखिएको वचनलाई प्रकट गर्दै, जुन हुन जानेछ। अहिले सपना नदेख्नुहोस्। सोच्नुहोस्। पवित्र आत्मा तल पृथ्वीमा आउनुभयो; पुरै मण्डलीसँग कहिल्यै पनि बोल्नुभएन। उहाँले तिनीहरुसँग बोल्नुभयो।

194 जोसेफले हेरे। र स्वर्गदूतले उनलाई भेट्नुभन्दा अगाडि, उनले भने, "ठिक छ, अब, म उनलाई प्रेम गर्छु। तर, म एउटा धार्मिक मानिस हुँ। म त्यस्तो खालको महिलासँग विवाह गर्न सक्दिन।"

195 अनि परमप्रभुको स्वर्गदूत उनीकहाँ देखा परे, सपनामा, र भने, "योसेफ, तिमी दाऊदको पुत्र, तिम्री पत्नी मरियमलाई लिन नडराऊ, उनमा गर्भधारण हुनुहुने पवित्र आत्माद्वारा हुनुहुन्छ।" ओ, मेरो! कति सान्त्वना! देख्नुभयो?

196 र, मरियम, उनको इनार जाने बाटोमा। सानी कन्या, लगभग सत्र, अठार वर्षकि, पहिले नै विवाह भईसकेको पुरुषसँग विवाह गर्दा र जसको

चारओटा बच्चाहरु छन्; एउटा बुढो मानिस। र उनी...उनले उसलाई प्रेम गर्थिन्, र—र उनलाई थाहा थिएन किन। र उउसले उनलाई प्रेम गर्थ्यो, र किन उसलाई थाहा थिएन। र यहाँ तिनीहरु थिए। आउँदै, कूवामा जाँदै, केहि पानी लिनको लागि, र सबै कुराहरु अध्ययन गर्दै जुन उनी—उनले सोचिरहेकी थिईन्, धर्मशास्त्रमा, निस्सन्देह, र त्यसपछि उनको अगाडि एउटा ज्योति चम्क्यो। जब त्यो ज्योति चम्क्यो, त्यहाँ एउटा स्वर्गदूत उभिए।

197 सोच्नुहोस् सानी मरियमलाई कस्तो महसूस भयो होला? के तपाईले कहिल्यै त्यो सोच्नुभएको छ? म सोच्छु कि उनी उत्तिकै भयभित महसूस गरिन् जत्तिको मैले हिजो गरेको थिएँ।

198 "हेल, मरियम!" *हेल* को अर्थ "रोक्नु।" "मैले तपाईहरुलाई के भन्न जाँदैछु त्यसमा ध्यान दिनुहोस्। स्त्रीहरु मध्येमा तिमी धन्यको हौ, किनकि तिमीले परमेश्वरबाट कृपा पाएकी छौ, र तिमीले एउटा बच्चा जन्माउनेछौ। कुनै मानिससँग सहवास नभई, तर तिमीले एउटा बच्चा जन्माउनेवाला छौ। र तपाईको फुपू एलिशिबा पनि, वृद्ध भए, तापनि, उनी पनि गर्भवती छिन्, र एउटा बच्चा जन्माउनेवाला छिन्। र यी चिन्हहरु हुनेछन्।"

उनले भनिन्, "कसरी यी हुनेछन्, जान्नुहोस्, किनकि मेरो एउटा पनि पुरुषसँग लसपस भएको छैन?"

199 दूतले भने, "पवित्र आत्माले तिमीलाई छाया पार्नेछ। त्यो पवित्र कुरा जुन तिमीबाट जन्मनेछ त्यो परमेश्वरको पुत्र भनिनेछ।"

200 गिल्ला गर्नेहरुलाई जे भन्न मनलाग्छ भन्न देऊ। उनलाई त्यो थाहा थियो। यो हुनेछ भनि उनलाई थाहा थियो, किनभने परमेश्वरले त्यसो भन्नुभएको थियो।

201 अब, उनले कस्तो महसूस गरेको हुनुपर्छ, समर्पणको त्यो दिन, वा बच्चाको खतनाको लागि आउदै गर्दा, जब त्यहाँ उनी यो सानो बच्चालाई आफ्नो अँगालोमा लिएर हिड्दै थिईन्, *त्यसरी।* र सबै महिलाहरु आफ्नो दूर्री राख्दै, सबैजना राम्रो सियोको काम गर्दै, तिनीहरुको बच्चालाई समर्पण गर्न र खतना गराउन, र लगभग सबैले एउटा थूमा तानिरहेका थिए। तर उनीसँग दुईवटा ढुकुरहरु थिए, उनको आफ्नै शुद्धिकारणको लागि शुद्ध पार्दै। गोरुको गर्दनको पछाडिको जुवाबाट बनेको, कपडाले बेरिएको सानो बच्चा, जुवा, गोरुको पछाडि बेरिएको। त्यो त केवल डुँडमा लुगा हालेको

मात्रै थियो। तिनीहरुसँग उहाँको निम्ति केहि पनि थिएन। तिनीहरु अति गरिब थिए। र यहाँ उनी उभिएकी थिईन्।

202 कुनै संका छैन, सबै स्त्रीहरुले सानी कन्याबाट आफ्नो दूरी बनाएका थिए। भनेका थिए, “तिमीले देख्यौ, उनले नाजायज बच्चा पाएकी छिन्।” हेर्नुहोस् परमेश्वरले चिजहरु कत्ति कट्टर–देखिने बनाउनुहुन्छ। ओ, मेरो! उहाँले केवल शैतानको आँखामा ऊन तान्नुहुन्छ। “कस्तो घृणित! कति फोहोर! व्यभिचार। उनी यहि नै हुन्। उनी व्यभिचारिणी हुन्।” त्यसले सानी मरियमको हृदयको धड्कनलाई कत्ति पनि रोक्न सकेन। तिनीहरुले उनीबाट आफ्नो दूरी बनाए।

203 तिनीहरुले अझै पनि उही काम गरिरहेका छन्, उहाँलाई अहिले यसो भनि बोलाउछन्, “पवित्र–भनाउदा, वा अन्धोभक्त,” वा केहिकुरा।

त्यो कसको बच्चा थियो भनि मरियमले जान्दथिन्। उनले उस्तै नै, राखिरहिन्।

204 तर, ओ, के तिनीहरुले याद पर्दैन थियो जब, शिमियोनले, पछाडि कोठामा बस्दै, उसलाई प्रतिज्ञा गरिएको थियो? ऊ चारैतिर गयो, भविष्यवाणी गर्दै। उसले भन्यो, “परमप्रभु ममा देखा पर्नुभयो।” र भन्यो, “मैले मृत्यु देख्दिन...” र तब तिनी करीब अस्सी–वर्षका थिए। “मैले उहाँको मुक्ति नदेखेसम्म मृत्यु देख्ने छैन।”

205 “ओ, शिमियोन, तिमी बुढो छौ, छोरा। तपाईको—तपाईको...बुढो साथीको एक प्रकारले टाउको छ, तपाईलाई थाहा छ, ऊ एउटा सानो... केवल उसलाई एक्लै छोडिदिनुहोस्। ऊ हानिकारक छैन। उसले कसैलाई पनि हानि गर्दैन।”

206 तर शिमियोनसंग परमप्रभुको वचन थियो, यसो भन्यो, “मैले परमेश्वरको आत्मा ममा आउनुभएको देखे। म उभिए र उहाँलाई हेरे। उहाँले मलाई भन्नुभयो, ‘शिमियोन, तिमी एउटा धार्मिक मानिस हौ। र तिमी जानेछैनौ...म तिमीलाई त्यहाँ बाहिर एउटा गवाहि बनाउनेछु।’” अँ–ह। त्यहि नै हो।

“तपाईले त्यसो के को लागि गर्न जाँदैहुनुहुन्छ, प्रभु?”

“त्यो मेरो काम हो।”

207 मेरो विचार यो छ, उहाँले निश्चय नै त्यस दिनमा, तिनीहरुमा कोईला खन्याउन सक्नुहुन्थ्यो। “तिमीहरुसँग एउटा साक्षी थियो। किन तिमीहरुले यो सुनेनौ?”

208 त्यहाँ वृद्धा दृष्टिविहिन एन हुनुहुन्छ, मन्दिरमा बसिरहनुभएको, प्रार्थना गर्दै। परमप्रभुले उनलाई प्रकट गर्नुभयो, “शिमियोन सहि छ।” आमेन। उनले रातबाट दिउसोको उज्यालो देख्न सक्दिन थिईन्, तर उनले राम्रा आँखा भएका धेरै मानिसहरुले भन्दा धेरै टाढासम्मको देख्न सक्छिन्। उनले देखिन्, आत्मामा, आउने मसिह नजिकै हुनुहुन्थ्यो, उनको हृदयमा आत्मा चहलपहल गर्दै हुनुहुन्थ्यो।

209 हेर्नुहोस् त्यहाँ कस्तो सानो मण्डली थियो? जकरिया, एलिशिबा, मरियम, यूहन्ना, एन, र शिमियोन; लाखौ मध्ये छ जना। जस्तो नोआको दिनहरुमा थियो। ती मध्ये छ जना। परमेश्वरले ती सबैसँग व्यवहार गर्नुभयो। तिनीहरु सबै एकतामा थिए। तिनीहरु सबै सँगै भए। आमेन।

210 यहाँ, बुढो शिमियोन। यहाँ सानो बच्चा भित्र आउछ। उनले यसको बारेमा कहिल्यै पनि सुनेका थिएनन्। यहाँ बच्चा छ। त्यसपछि शिमियोन आफ्नो कोठामा बसे, अनि उनमा आत्मा आउनुभयो, भन्नुभयो, “बाहिर जा, शिमियोन।”

211 यहाँ ऊ गयो, हिड्दै, थाहा थिएन ऊ कहाँ जाँदै थियो। अब्राहामले जस्तै, उनले केहि कुरा खोजिरहेका थिए। उनलाई थाहा थिएन त्यो कहाँ थियो भनि, तर उनी हिडिरहे। केहि समय पछि, ऊ रोकियो। र पवित्र आत्माले उनलाई भन्नुभएको हुनुपर्छ, “त्यहाँ उहाँ हुनुहुन्छ।”

212 तिनी, मरियमको अँगालोमा पुगे, बच्चालाई आफ्नो अँगालोमा लिए। माथि हेरे र भने, “प्रभु, तपाईको दासलाई अब यस जीवनबाट शान्तिसँग जान दिनुहोस्। मेरो आँखाले तपाईको मुक्तिलाई हेरिरहेको छ।” जुन कुराको सबैले मजाक उडाई रहेका थिए, जुन कुरा स्त्रीहरुले त्यागेका थिए, शिमियोनले भने, “यो तपाईको मुक्ति हो, प्रभु।”

213 र लगभग त्यो समयमा, यहाँ एक वृद्धा अन्धो महिला आउछिन्, आफ्नो बाटो बनाउदै, दर्शकहरुमा चारैतिर घुम्दै। र तिनी उनीकहाँ आए, र तिनले पनि अगमवाणी गरे, किनकि तिनले उहाँलाई खोज्दै थिईन्। तिनले मरियमलाई भनिन्, “एउटा तरवारले तिम्रो हृदय छेड्नेछ, तर यसले धेरै हृदयहरुको विचारहरु प्रकट गर्नेछ।” बुझ्नुभयो? यो के थियो?

214 अब, मलाई लाग्छ, ती मध्ये केहि महिलाहरु, "अब त्यो हेर! तिमीले देख्यौ यो के किसिमको वर्ग हो? त्यहाँ तपाई हुनुहुन्छ। बुझ्नुभयो? त्यहि नै हो। हेर्नुहोस् यो कहाँ छ? त्यस वृद्ध मानिस, दिमाग खुस्केको। त्यहाँ ऊ छ, त्यस व्येश्या केटिको अगाडि उभिरहेको, त्यस्तो खालको कुरा गर्न खोज्दै छ। त्यहाँ तपाई हुनुहुन्छ। त्यो नाजायज बच्चा। त्यो वृद्ध एनलाई हेर्नुहोस्, यहाँ तल बसिरहेकी छिन्, आफैलाई भोकले मर्ने गरी, र त्यसरी गरिरहेकी छिन्। उनले हामीले जस्तो रमाईलो गर्दिनन्। तर, त्यहाँ तपाई हुनुहुन्छ, हेर्नुहोस्। उनी यहाँ देशका सबै समाजसँग सम्बन्धित हुनसक्छिन्। उनी एउटा राम्रो परिवारबाट आएकी थिईन्, हेर्नुहोस्, र उनी त्यहाँ हुन सक्छिन्। तर त्यहाँ उनी छिन्। हेर्नुहोस् कसरी त्यो झुण्ड सँगै एकसाथ आउछन्?" ओ, हो। आमेन।

215 उहि कुरा आज पनि। "ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरुमा बसेर, पवित्र आत्माद्वारा माथि उठाईएको छ।" पक्कै पनि। हो, श्रीमान।

216 ओ, के हामीसँग थोरै मात्र समय बाकि छ? मैले केहि भन्नुपर्दछ। [मण्डलीले भन्छ, "हो।"—सम्पा।]

217 मैले अर्को पात्र पाएको छु यहाँ, म हेर्दैछु, त्यस समयमा जब वचन प्रकट गरियो, बुद्धिमान मानिसहरु।

218 म आशा गर्छु मसँग समय छ, फ्रेड, तपाईले त्यो पढ्नको लागि। तपाईसँग तपाईको खल्तीमा छ? [भाई फ्रेड सोथमनले भन्नुहुन्छ, "हो।"—सम्पा।] मलाई लाग्छ तपाईहरु मध्ये धेरैले यो पत्रिकामा देख्नुभएको होला।

219 जुन कुरा पवित्र आत्माले यहाँ तल नदिमा बोल्नुभएको थियो, तेत्तिस वर्ष अगाडि, तिनीहरुले भर्खरै खनेर निकालेका थिए। डिसेम्बर ९, यो प्रमाणित गर्दै, त्यो खगोल विज्ञानको, कसरी त्यो—त्यो बृहस्पति र ती ताराहरु, तिनीहरुको नक्षत्रमा!

220 तिनीहरुसँग पुरानो खगोल विज्ञानको कालो–...यसको चिन्हहरु, तिनीहरुले खनेका छन्। ठ्याक्कै त्यहि नै समयमा यो तारामण्डल आयो, यी ताराहरुको तारामण्डलमा, र ठिक बेबिलोनतर्फ यो फाल्यो, र बुद्धिमानी मानिसहरुले तल ल्याए। याद छ? तिनीहरुले आफ्ना कक्षाहरु पार गरे, तलतिर झुके, फेरी पनि अरबौ प्रकाश वर्षको दूरीमा। र ती यहूदी विद्वान मानिसहरु जो बेबिलोनमा थिए, तिनीहरुले तारामण्डलमा तारा आएको

देखे, ती ताराहरु। तिनीहरु मध्ये तीनजना सँगै आउछन्, र त्यसलाई बिहानको तारा बनाउछन्। र तिनीहरुले त्यसलाई परमेश्वरको वचनद्वारा जानेका थिए, त्यहि नै समय थियो, जब ती ताराहरु सँगै आए, कि तब मसिह पृथ्वीमा हुनपर्ने थियो।

221 त्यहि नै कारणले तिनीहरुले शुरू गरे, "उहाँ कहाँ हुनुहुन्छ, यहूदीहरुको राजा भई जन्मनुभएको? उहाँ कहाँ हुनुहुन्छ? कतै! किनकि, जब ती ताराहरु भित्र आउछन्, तिनीहरुको आकाशीय पिण्डहरु यो एउटा महा आकाशीय शरीरमा नबनेसम्म, जब ती तिनहरु सँगै अघि बढ्छन्, त्यस समयमा मसिह पृथ्वीमा हुनेछ।" र जब तिनीहरु आफ्ना कक्षाहरुमा बढे, ती मानिसहरुले थाहा पाए कि मसिह पृथ्वीमा हुनुहुन्छ भनि।

222 तिनीहरु आफ्नो क्षेत्रमा निपुण थिए। तिनीहरु महान् मानिसहरु थिए। तिनीहरु धार्मिक विज्ञानको क्षेत्रमा निपुण थिए। तिनीहरुले यसको धार्मिक पक्ष हेरिरहेका थिए। र तिनीहरुले पर ती ताराहरु सरेका देखे, बृहस्पति र सारगास, र त्यसपछि तिनीहरु—तिनीहरुको रेखामा सकेका देखे। र तिनीहरुले भने, "हामीलाई थाहा छ कि मसिह कतै हुनुहुन्छ। त्यसैले, उहाँ यरूशलेममा हुनुपर्दछ, किनभने त्यो नै संसारको धर्मको लागि शिर्ष स्थान हो, मसिहको धर्मको स्थान। त्यो तिनीहरुको मुख्यालय हो। त्यो नामधारी संगठित मण्डलीहरुको मूख्यालय हो। त्यहि नै हो जहाँ महान मण्डलीको समूह बस्दछ।"

223 र ऊँटमा बसेर तिनीहरु गए, दुई वर्षसम्म, तल टिग्रिस नदिको पारी, र दलदल र जङ्गलबाट भएर, यात्रा गर्दै, शहरमा जाँदै, आनन्दले भरिएका हृदयहरु सहित।

224 तिनीहरुलाई थाहा थियो जब त्यो ताराहरु त्यहाँ झुण्डिरहेको थियो। र यो, खगोलविद्हरुले पनि भन्छन्, आज, "यदि तिनीहरु वास्तवमै, ती ताराहरु, फेरी त्यो ठाउँमा आए भने, यसले एउटा तारा बनाउनेछ, जहाँबाट तिनीहरु उभिरहेका थिए, हेर्दै।" तर तिनीहरु त्यस ठाउँबाट उभिरहेका हुनुपर्थ्यो, यसलाई देख्नको लागि। आमेन। आमेन।

225 तपाई कहाँ उभिरहनुभएको छ त्यसमा भर पर्छ। तपाईले के लाई हेर्दै हुनुहुन्छ त्यसमा भर पर्छ। अँ–ह। हो।

226 त्यसैले तिनीहरुले यो देखे, र तिनीहरुले यसलाई पछ्याए, र तिनीहरु ठिक रेखामा थिए। चाहे तिनीहरुले जहाँसुकै पाएका होऊन्, यो ठिक

तिनीहरुसँग रेखामा थियो। यसले तिनीहरुलाई अगुवाई गर्यो। बुझ्नुभयो?

227 त्यहि तरिकामा तपाईले सबै धर्मशास्त्रलाई पंक्तिबद्ध गर्नुपर्छ, सबै कुरा, त्यसपछि धर्मशास्त्रको त्यस पंक्तिमा रहनुहोस्। त्यो मात्रै बाटो हो। यसले तपाईलाई सिधै उहाँमा डोहोर्याउछ। पक्कै पनि गर्नेछ।

228 अब ध्यान दिनुहोस्। यहाँ तिनीहरु आउछन्, कराउदै, "उहाँ कहाँ हुनुहुन्छ, यहूदीहरुका राजा भई जन्मनु हुने?" यरूशलेममा, ताराले तिनीहरुलाई ठिक त्यहाँ डोहोर्यायो, सिधै नामधारी संस्थाको मुख्यालयमा। तर जब तिनीहरु यसको लागि टाढा गए, ताराले तिनीहरुलाई छोड्यो। तिनीहरु शहरमा गए, माथि–र–तल सडकमा गए। तिनीहरुले त्यो शहर परमेश्वरको आनन्दले भरिएको हुनुपर्छ भनि सोचेका थिए। माथि–र–तल सडकमा, आनन्दका साथ, तिनीहरु गए, कराउदै, "यहूदीहरुको राजा भएर जन्मनुभएको उहाँ कहाँ हुनुहुन्छ? हामीले उहाँको तारा देख्यौ जब हामी पूर्वमा थियौ, र हामी उहाँलाई आराधना गर्न आएका हौ।"

229 याद गर्नुहोस्, तारा, तिनीहरु पश्चिमतर्फ गए। तिनीहरु पूर्वमा थिए। "पश्चिमतर्फ डोहोर्याउदै, अझै अगाडि बढ्दै। हामीलाई अगुवाई गर्नुहोस्..." बुझ्नुभयो? तिनीहरु विल्कुल...तिनीहरु...ठिक छ, बेबिलोन र भारत प्यालेस्टाइनको पूर्वमा पर्छ, एक प्रकारको दक्षिणपूर्वमा पर्छ। र तिनीहरु पश्चिमतर्फ जाँदै थिए। "पश्चिम तर्फ अगुवाई हुदै," तपाईलाई गीत थाहा छ, "अझै पनि अगाडि बढिरहेका छौ। हामीलाई त्यो सिद्ध ज्योतिमा अगुवाई गर्नुहोस्।" बुझ्नुभयो? ती, बुद्धिमान मानिसहरु, पश्चिममा आउदै थिए। पूर्व छोडेर, पश्चिम जाँदै, र तिनीहरुले त्यो तारा देखे। अब, यदि तिनीहरु पश्चिममा थिए भने, पछाडि फर्केर हेर्दा, तिनीहरुले यो देखेनन्। बुझ्नुभयो?

230 तिनीहरु, जब तिनीहरु त्यहाँ पुगे, यसले तिनीहरुलाई ठिक त्यहाँ डोहोर्यायो, त्यसपछि यसले तिनीहरुलाई छोड्यो। र तिनीहरुले सोचे, "यो यहाँ छ। ताराले छोडेको छ, त्यसैले यो यहाँ छ।" उहाँहरु शहरमा हुनुहुन्छ। त्यसैले, "ओ, मेरो," तिनीहरुले भने, "सबैजना केवल गाईरहेका छन् र खुसी छन्। परमेश्वरको महिमाले सबैकुरालाई उज्यालो पारेको छ। त्यसैले, हामी यहाँ आईपुगेका छौ। हामी जान्दछौ कि हाम्रो––हामीलाई हाम्रा उपलब्धि थाहा छ, हामीले त्यो तारा हेर्दै गर्दा, कोहि पनि, कुनै गुरु, त्यहाँ माथि आएर ती ताराहरु सँगै तान्न सकेनन्। र हामीलाई थाहा छ, जब त्यो––जब त्यो ताराहरु त्यो स्वर्गीय शरीरमा आउछ, त्यहि नै समयमा

मसिह पृथ्वीमा आउनुहुन्छ। मसिह पृथ्वीमा हुनुहुन्छ।”

231 र हरेक धेरै सय वर्षमा, तिनीहरुले फेरी आफ्ना तारामण्डल पार गरे, तपाई देख्नुहुन्छ, र त्यसपछि त्यहाँ पृथ्वीमा एउटा उपहार आउँछ। ध्यान दिनुहोस्।

232 “मसिह पृथ्वीमा हुनुहुन्छ, जब त्यो—जब त्यो ताराहरुको समूह सँगै भयो।” र तिनीहरुलाई थाहा थियो कि उहाँ त्यहाँ हुनुहुन्थ्यो भनि, त्यसैले तिनीहरु धर्मको मुख्यालयमा गए, र जान थाले, यसो भन्दै, सडकको माथि र तल तिनीहरु गए, यी ऊँटहरु, “उहाँ कहाँ हुनुहुन्छ? उहाँ कहाँ हुनुहुन्छ? यहूदीहरुको राजा भएर जन्मनुभएको उहाँ कहाँ हुनुहुन्छ? हामीले उहाँको तारा पूर्वमा देख्यौ। उहाँ यहाँ कतै हुनुहुन्छ। उहाँ कहाँ हुनुहुन्छ? उहाँ कहाँ हुनुहुन्छ? उहाँ कहाँ हुनुहुन्छ?” ह! कस्तो निन्दा!

233 तिनीहरु मुख्य पूजाहारी कहाँ गए। उसले भन्यो, शायद भनेको हुनसक्छ, “तिमीहरुलाई के भयो साथीहरु? किन, तिमी कट्टरपन्थीहरुका झुण्डहरु!” बुझ्नुभयो? कति अपमानजनक कुरा, तिनीहरुको वैज्ञानिक उपलब्धिमा! परमेश्वरको शक्तिद्वारा, तिनीहरुले उहाँको तारा देखे। र तिनीहरु बुद्धिमान, होसियार मानिसहरु थिए। तिनीहरु धार्मिक विज्ञानको क्षेत्रमा थिए। र तिनीहरुलाई थाहा थियो, जब ती ताराहरु त्यहाँ आए, मसिह कहीँ हुनुहुन्थ्यो। र यहाँ, त्यो ठाउँ जसले यो थाहा पाउनुपर्ने थियो, तिनीहरुले केहि पनि थाहा पाएका थिएनन्।

234 म कल्पना गर्छु, बच्चाहरु सडकमा उभिरहेका छन्, भने, “हा! त्यसमा हेर्नुहोस्। हा! त्यो कट्टरपन्थीहरुको झुण्ड हो। तिनीहरुलाई सुन्नुहोस्, यसो भन्दै, ‘उहाँ कहाँ हुनुहुन्छ, यहूदीको राजा भएर जन्मनुभएको?’ तिनीहरुलाई थाहा छैन कि हेरोद त्यहाँ तल राजा हो। तिनीहरुलाई *फलाना* बिशप थाहा छैन।” ओ, मेरो!

235 “यहूदीहरुको राजा भएर जन्मनुभएको उहाँ कहाँ हुनुहुन्छ? हामीले उहाँको तारा पूर्वमा देख्यौ।”

236 तिनीहरुले भन्छन्, “यहाँ आउनुहोस्, तपाई सबै बुद्धिमान पुरुषहरु यहाँ, यहाँ वरपर।” अँ–ह। “यहाँ आउनुहोस्। के तपाईहरु सबैले कहीँ कुनै तारा देख्नुहुन्छ?”

“ओ, मैले त्यस्तो कुनै कुरा कहिल्यै देखेको छैन।”

237 "तिनीहरु सबै खगोलविद्हरु यहाँ आउनुहोस्। तपाईहरु सबैले कुनै ताराहरु कतै देख्नुभयो?"

"होइन। होइन।"

"के तपाईले कुनै प्रकारको रहस्यमय चिन्ह जस्तो केहि देख्नुभएको छ?"

"होइन। हामीले त्यस्तो केहि देख्दैनौ। होइन।"

238 अझै पनि, नगर्नुहोस्। एउटै कुरा। तिनीहरुले केहि पनि देख्दैनन्। तिनीहरुले यो देख्न सक्दैनन्।

"अ, आउनुहोस् सेवकहरुलाई बोलाऔ। तपाईहरु सबैको बारेमा के छ?

"होइन। हामीले कहिल्यै तारा देखेका छैनौ।"

239 "ठिक छ, तपाईहरु को के छ जसले समय राख्नुहुन्न्ह, यहाँ बाहिर पर्खालमा? तपाईले ताराहरु ध्यान दिनुहुन्छ। तपाईलाई कहिल्यै थाहा छ...तपाईलाई थाहा छ कि आकाशमा सबै तारामण्डलहरु कहाँ छन्। तपाईलाई हरेक तारा थाहा छ। के तपाईले केहि देख्नुभयो?"

"होइन। हामीले केहि पनि देखेका छैनौ।" तर यो त्यहाँ थियो।

240 परमेश्वरको महिमा होस्! ओ, मेरो! के तपाईले यो देख्न सक्नुहुन्न? यो अहिले त्यहाँ छ, र तिनीहरुले यो देख्न सक्दैनन्। यो भईरहेको छ, ठिक तिनीहरुको वरपर, र तिनीहरुले यो देख्न सक्दैनन्।

241 "होइन। हामीले केहि पनि देखेनौ। ओ, म त्यहाँ गए। मैले केहि पनि देखिन।" पक्कै पनि, तपाईले देख्नुहुन्न। एकदमै अन्धो हुनुहुन्छ। यो तपाईले देख्नको लागि होइन। बुझ्नुभयो? यदि तपाई त्यस्तो अन्धो हुनुहुन्छ, किन, निश्चय नै, तपाईले यो देख्नुहुन्न।

242 यो केवल तिनीहरुको निम्ति हो जसलाई परमेश्वरले यो प्रकट गर्नुहुन्छ। त्यो नै हो जसले यो देख्छ। सधै त्यहि तरिकामा भएको छ। पक्कै पनि।

243 यो नोआ थियो जसले माथि आकाशमा पानी देख्न सक्थ्यो, तपाईलाई थाहा छ, तर बाकि रहेकाले यो देख्न सक्दैन थिए। बुझ्नुभयो? तिनीहरुले त्यहाँ माथि झरी देखेनन्, तर नोआले यो देखे।

244 यो अब्राहाम थियो जसले साराले बच्चालाई समातेको देखे। त्यो सहि हो। यो गिल्ला गर्नेहरु होइनन् जसले भने, “राष्ट्रहरुका पिता, तिमीसँग अहिले कतिओटा छोराछोरीहरु छन्?”

245 कसरी हामी बाईबलबाट भएर तल आउन सक्छौ, ज्ञानी मानिसहरु र अगमवक्ताहरुद्वारा भएर, अगाडि आउन सक्छौ! “विश्वास नदेखेका कुराहरुको प्रमाण हो।” तिनीहरुलाई थाहा छ कि वचनले यो बोलेको छ, र यो त्यहाँ छ। *यहाँ* यसको प्रमाण छ। तिनीहरुले यो देख्छन्। अब ध्यान दिनुहोस्। ओ, मेरो!

“हाम्रा बुद्धिमान मानिसहरुले त्यो तारा देख्दैनन्। त्यहाँ त्यसमा केहि पनि छैन।”

246 किन? वास्तवमा, जब तिनीहरुले हेर्दै थिए, र तिनीहरु त्यस्ता एक समूहसँग गएका थिए, तारा बाहिर गयो।

247 उही कुरा आज पनि भएको छ। त्यसले नै धेरैलाई एउटा ज्योति पर राख्छ, त्यो सहि हो, त्यस्ता खालका एक समूहसँग हिडेको छ, पहिलो स्थानमा, जसले यो विश्वाससम्म पनि गर्दैन। र कसरी हामीसँग एउटा—एउटा मण्डलीहरु संघ हुनेवाला छ? “हामी सहमत नभईकन कसरी हामी सँगै हिड्नेछौ?” कसरी संगति...यहाँको, संसारभरी, सबै—मण्डलीहरु, संसारको एकताबद्ध मण्डलीहरु? कसरी हामी सँगै एकताबद्ध हुनेवाला छौ, जब कि हामी लाखौ मिल पर छौ? बुझ्नुभयो? कसरी हामीले यो गर्न जानेवाला छौ? इभान्जलिकहरु हामीसँग, र *यो*, र *त्यो*, र *त्यो*, र सबै सँगै। र अझै पनि त्यस्ता भ्रष्टाचारको झुण्डसँग एकजुट भईरहेको छ।

248 परमेश्वरले एउटा पत्नी पाउदै हुनुहुन्छ जो शुद्ध, पवित्र, अव्यभिचारी, उहाँको वचनमा बस्छे। ठिक छ।

249 वचनको लागि येशूको निन्दा। (अनि त्यसपछि हामी बन्द गर्नेछौ, केहि मिनेटमा नै।) येशू वचनको लागि निन्दित हुनुभएको थियो। यहाँ हेर्नुहोस्। कसरी उहाँले निन्दा सहन सक्नुहुन्थ्यो, जबकी उहाँ ईश्वरीय हुनुहुन्थ्यो, परमेश्वर देहधारी हुनुहुन्थ्यो? उहाँ परमेश्वर हुनुहुन्थ्यो, आफै, देहधारी हुनुभयो।

250 अब, तपाईलाई थाहा छ कि बाइबलले त्यसो भनेको छ। “हामीले उहाँलाई सम्हाल्यौ। स्वर्गदूतहरुले उहाँलाई देखे।” मात्र त्यसको बारेमा सोच्नुहोस्। म विश्वास गर्छु कि तिमोथीले त्यसरी यसलाई राख्छ।

बुभ्नुभयो? कि, “कुनै विवाद बिना नै ईश्वरताको रहस्य महान छ; कि परमेश्वर शरीरमा प्रकट हुनुभयो, स्वर्गदूतहरुमा देखा पर्नुभयो।”

251 स्वर्गदूतहरु उहाँको जन्मको समयमा थिए। कसरी स्वर्गदूतहरुले तल हेरेर आनन्दित भएका हुनुपर्छ, जब तिनीहरुले तल डुँडमा हेरे र परमेश्वरलाई शरीरमा देखे। आमेन। तिनीहरु यसरी कराउन थाले भन्ने कुरामा कुनै आश्चर्य छैन, “आज, दाऊदको शहरमा, मुक्तिदाता ख्रीष्टको जन्म भएको छ।” स्वर्गदूत आनन्दित भए, र तिनीहरुले आफ्ना ठूला पखेटाहरु सँगै घुमाए, र यहूदाका पहाडहरुमा, तिनीहरुले गाए, “सर्वोच्चमा परमेश्वरको महिमा होस्, पृथ्वीमा शान्ति, र मानिसहरुको भलाई होस्।” तिनीहरुले परमेश्वरको वचन देखे, कि तिनीहरुले त्यसमा हेरे, यो प्रकट भएको हेर्न। र त्यहाँ यो थियो।

252 अब, शैतानले त्यो विश्वास गरेन, तपाईलाई थाहा छ। त्यसले भन्यो, “यदि तपाई...”

स्वर्गदूतले भन्यो, “उहाँ हुनुहुन्छ।” फरक यहि नै हो।

“यदि तपाई हुनुहुन्छ भने, *यस्तो–र–त्यस्तो* गर्नुहोस्। तपाईले गरेको हामीलाई देख्न दिनुहोस्।”

तर स्वर्गदूतले भन्यो, “उहाँ त्यहाँ हुनुहुन्छ।”

253 तिनीहरुको धार्मिक विज्ञान सहितका बुद्धिमान मानिसहरुले, भने, “उहाँ त्यहाँ हुनुहुन्छ।” आमेन।

254 त्यहि नै कारणले पुरातत्वविद् र सबैकुराले आज यी कुराहरु खनेका छन्, जुन केहि वर्ष अगाडि अगमवाणी गरिएको थियो, त्यो पूरा हुनेछ भनि। र यहाँ तिनीहरु, खन्दै छन्। तिनीहरुले कहिल्यै पनि...

255 त्यहाँ कुनै पनि इतिहासले पोन्तियस पिलातास पृथ्वीमा छ भनि भनेको छैन। के तपाईलाई त्यो थाहा थियो? तपाईहरु मध्ये केहि विद्यालयका बच्चाहरुले मलाई इतिहासमा कहाँ पन्तियस पिलातस छ भनि भन्नुहुन्छ। र अविश्वासीहरुले यसको गिल्ला गर्छन् र मजाक उडाउँछन्, भने, “त्यहाँ कहिल्यै पनि एउटा—एउटा रोमी सम्राट यस नाम सहित थिएन, पोन्तियस पिलातस, नामको एउटा—एउटा राज्यपाल थिएन।” तर लगभग छ हप्ता अगाडि, तिनीहरुले कुनेढुङ्गा खने: पन्तियस पिलातस, राज्यपाल। ओ, मेरो! यस्तो बकवास!

256 तिनीहरुले भने, “त्यहाँ इतिहासमा रामसेस कहिल्यै पनि थिएन, मिश्रमा रामसेस थिएन।” तर तिनीहरुले एउटा ढुंगा खने, पुरातत्व: रामेसेस, दोस्रो। ध्यान दिनुहोस्।

257 र तिनीहरुले भने कि ती पर्खालहरु कहिल्यै तल ढलेका छैनन्। पुरातत्वविद्हरुले वरपर खन्ने काम गर्दै थिए, र, पहिलो कुरा तपाईलाई थाहा छ, तिनीहरुले खने, तल यरिहोमा जहाँ पर्खालहरु ढले, तपाईलाई थाहा छ, जब तुरही बजेको थियो। तिनीहरुले भने, “त्यो केवल एउटा मिथक थियो, एउटा गीत कसैले भनेको थियो, त्यस समयमा गाएको थियो।” हो। गिल्ला गर्नेहरुले त्यसो भन्छन्। “त्यो मात्रै एउटा मिथक हो। त्यहाँ पर्खाल ढलेको भन्ने जस्तो कुरा कहिल्यै थिएन, र यहोशूले तुरही बजाए, र पर्खालसम्म दौडे र तिनीहरु तल गए। त्यहाँ कहिल्यै त्यस्तो कुरा थिएन।” र कुनै महान् इसाई पुरातत्वविद्ले मात्र खन्न जारी राखे, किनकि उनलाई थाहा थियो कि यो त्यस्तै हुनुपर्छ भनि। उनले केहि–तिस फिट जति खने, तल जहाँ बाकि रहेका कुराहरु थिए। त्यहाँ पर्खाल थियो, एक अर्का माथि थुप्रो परेको थियो, जस्तो वचनले भनेको थियो।

258 तिनीहरुले भने, “त्यहाँ दाऊदले आफ्नो बाद्य यन्त्रहरु, तारे बिणा बजाएको भन्ने कुरा थिएन, किनभने पाँचौ सताब्दीसम्म तारे संगीत पत्ता लागेको थिएन।” भने, “त्यहाँ कहिल्यै पनि त्यस्तो कुरा थिएन।” इसाई पुरातत्वविद्हरुले, तल मिश्रमा उत्खनन गरे। चार हजार वर्ष पहिले, तिनीहरुसँग तारका वाद्ययंत्रहरु थिए। आमेन। ओ, मेरो!

259 तिनीहरुले भने, हिब्रू छोराछोरीहरुले आफ्नो लागि ढुंगा र त्यस्ता कुराहरु, भूसबाट बनाए, “त्यहाँ त्यस्तो कुनै कुरा थिएन।” पुरातत्वविद्हरु त्यहाँ उत्खनन गर्न गए। तिनीहरुले के भेट्टाए? त्यो विज्ञान हो। तिनीहरुले के भेट्टाए? शहरको पर्खालहरु जो हिब्रूहरुले बनाएका थिए, ढुंगाको पहिलो तह लामो भूसको थियो; दोस्रो सानो परालको सानो टुक्रामा काटिएको थियो; र तेस्रोमा, कुनै भूस थिएन। ओ, मेरो!

राष्ट्रहरु टुट्दैछन्, इस्राएल जाग्दैछ,
अगमवक्ताहरुले अगमवाणी गरेका चिन्हहरु;

260 हो, श्रीमान। यो सबै ठिक हामीमा सारिएको छ, भाई, बहिनी। यो किन यस्तो छ? गत केहि वर्षहरुमा, चलचित्र संसारले पहिले कहिल्यै पनि त्यस्तो गरेको थिएन जस्तो यसले आज गरेको छ। पर्दामा सेसिल

डीमिल्ले को एउटा कथा आउछ *दस आज्ञा*। पर्दामा *बेन हुरको* येशू ख्रीष्टको जीवन आउछ। पर्दामा *द बिग फिशरम्यान* आउँछ, पत्रुसको रूपान्तरण। र यी सबै धार्मिक नाटकहरु, जसलाई चलचित्रले इन्कार गरेको छ, र फोहोर मानेर, फालिदिएको छ। तर, परमेश्वर, उहाँको शक्तिशाली ताकतमा, अगाडि विस्फोट हुन्छ, उस्तै तरिकामा।

261 ठिक अहिले, ती कुराहरु जुन केहि वर्ष पहिले भनिएको थियो, परमेश्वरको, एउटा गरीब, सानो दास, म आफै, मैले भने, “त्यहाँ एउटा ज्योति छ जो खडा भयो र मसँग बोल्यो, र गर्नपर्ने कुराहरु मलाई भन्यो।” मानिसहरु हाँसे र भने, “उसको दिमाग अलिकति खुस्केको छ।” त्यहाँ यसको तस्बिर छ। विज्ञानले यसलाई लियो। यो त्यहाँ छ। यो सत्य हो।

मैले भने, “स्त्री मृत्युको छाँयामा परेकी छिन्।”

262 तिनीहरुले भने, “एउटा छाँया, अब, त्यो बकवास हो। उसले केवल यो आफ्नो दिमागले बनाउछ।”

263 त्यहाँ यसको तस्बिर छ। परमेश्वरले चट्टानलाई कराउने बनाउनुहुनेछ। उहाँले के चाहनुहुन्छ उहाँ गर्न सक्षम हुनुहुन्छ।

264 येशू, वचनको लागि निन्दा लिनुभयो। परमेश्वरको ईश्वरीय पुत्र त्यहाँ उभिरहनुभएको थियो, इम्मानुएल, कस्तो एउटा निन्दा! अविश्वासी पापीले उहाँलाई बाँध्न दिनुहोस्, उहाँको अनुहारमा थुके, र मुट्ठीभर दाह्री निकाल्छन्, र उहाँलाई यसको बारेमा जे पनि गर्न हिम्मत गर्छन्। वचनको लागि निन्दा! अँ–ह। के? पिताको वचन पूरा गर्नको लागि। ओ! तर, याद गर्नुहोस्, उहाँले मृत्युको निन्दाको सामना गर्नुपर्दछ। परमेश्वर, जो मर्न सक्नुहुन्न, र एक मात्र जो मर्नसक्नुहुन्थ्यो एउटा पापीलाई बचाउनको लागि। अरु कसैले सक्दैन थियो, कुनै दोस्रो वा तेस्रो, मानिसले सक्दैन थियो। परमेश्वर आफै मात्रै एक हुनुहुन्थ्यो जसले यो गर्न सक्नुहुन्थ्यो। र यहाँ उहाँ हुनुहुन्थ्यो।

265 उहाँले भन्नुभयो, “त्यहाँ कुनै पनि मानिस माथि उक्लिएको छैन सिबाए जो तल ओर्लनुभएको छ, यहाँसम्म कि मानिसको पुत्र पनि जो अहिले स्वर्गमा हुनुहुन्छ।” आमेन।

266 तिनीहरुले भने, “हाम्रा पिताहरुले उजाडस्थानमा मन्न खाए।”

“र तिनीहरु मरेका छन्,” उहाँले भन्नुभयो।

"र तिमी भन्छौ कि तिमी नै जीवनको रोटि हौ?"

267 उहाँले भन्नुभयो, "अब्राहाम हुनुभन्दा अगाडि, **म छु**। म जीवनको रोटि हुँ। म **म हुँ**।"

268 तिनीहरुले भने, "तपाई पचास वर्षको पनि हुनुहुन्न, र पनि तपाई भन्नुहुन्छ तपाईले 'अब्राहामलाई देख्नुभयो'?"

269 उहाँले भन्नुभयो, "अब्राहाम हुनुभन्दा अगाडि, **म हुँ**।" र त्यसपछि पापीहरुले उहाँलाई बाँध्न दिनुहोस्, साम्प्रदायिक मण्डलीले, उहाँलाई बाँध्न दिनुहोस्।

270 तपाईलाई याद छ, अन्तिम दिनमा, यो धनि लाउडिकियाको मण्डली, तिनीहरुले उहाँलाई बाहिर राखे, यहाँसम्म कि, मण्डलीबाट बाहिर राखे। तपाईले देख्नुहुन्छ यो अहिले कहाँ छ? के तपाईले देख्न सक्नुहुन्छ किन म प्रणालीको विरुद्धमा कराउदैछु?

271 किन येशूले पापीले उहाँलाई बाँध्नको निम्ति दिनुभयो? यो वचन पूरा गर्नको निमित्त थियो, परमेश्वरमा एउटा निन्दा ल्याउन, मर्नको लागि। परमेश्वर मर्नुपर्थ्यो। उहाँ मर्नको लागि, शरीरमा आउनुपर्थ्यो। र येशूले त्यो जान्नुहुन्थ्यो। उहाँले तिनीहरुलाई यसको बारेमा बताउनुभयो। उहाँले भन्नुभयो, "यो मन्दिर नष्ट हुनेछ, र म फेरी पनि यसलाई उठाउनेछु।" अरु कसैले उठाउने होइन। "म यसलाई उठाउनेछु। तिन दिनमा, म यसलाई फेरी फर्काएर ल्याउनेछु। तिमीहरुले यसलाई नष्ट गर्छौ; म यसलाई उठाउनेछु। जसरी योना माछाको पेटमा, तिन दिन र रातसम्म थियो, त्यसरी नै मानिसको पुत्र पृथ्वीको मुटुमा रहनेछ।" र तिनीहरुले यसलाई बुझ्न समेत सकेनन्। हेर्नुहोस्? वचनको लागि एउटा निन्दा, उहाँ—उहाँ हुनुहुन्थ्यो।

272 अब, मृत्युसम्म गिल्ला गरियो, अनन्त जीवनमा फेरी उठ्नको लागि। उहाँ पहिले मारिनुपर्थ्यो, ताकी उहाँ अनन्त जीवनमा उठ्न सकोस्, र हरेक अन्य मानव जातिलाई ल्याउन (जो उहाँको रूपमा थिए) अनन्त जीवनमा, जसले यो स्वीकार गर्दछ। बुझ्नुभयो? उहाँ मानव बन्नुभयो, कुटुम्बी उद्धारकर्ता बन्नुभयो, र सबै गिल्ला गर्नेहरुको निन्दा सहनुपर्यो, र सबैले मजाक उडाए, उहाँको संगी दासहरुले उहाँको अगाडि गरेको जस्तै गरी तिनीहरुले गरे। मोसा जस्तै, नोआले जस्तै, जसरी तिनीहरु अरु सबै त्यो गिल्लामा खडा भए, उहाँ गिल्लाको लागि खडा हुनुपर्थ्यो। किन?

उहाँसँग वचन थियो, र उहाँ वचन हुनुहुन्थ्यो। त्यहि नै कारणले तिनीहरुले सधै भैँ भन्दा बढी उहाँलाई गिल्ला गरे। उहाँ दिव्य र वचन आफै हुनुहुन्थ्यो। हाल्लेलुयाह! त्यसैले नै उहाँलाई बनायो।

273 येशूले भन्नुभयो, "तिमी पाखण्डीहरु।" भन्नुभयो, "तिमीहरुले अगमवक्ताहरुको चिहानहरु बनाउछौ, र तिनीहरुलाई त्यहाँ पुराउने तिमीहरु नै हौ। तिनीहरु परमेश्वरको वचन सहित आए, र तिमीहरुले तिनीहरुलाई विश्वास गरेनौ। तिमीहरु तिनीहरु सबैको दोषी छौ।"

274 फिनिक्समा, परमेश्वरको इच्छा भए, मैले अर्को दिन एउटा शब्द हिर्काए, म यस पुस्तालाई येशू ख्रीष्टलाई मारेकोमा, उहाँलाई फेरी क्रूसमा टाँगेको अभियोग लगाउन जाँदैछु, म त्यो सेवकाईको संस्थाको अगाडि एउटा अभियोग ल्याउन जाँदैछु, परमेश्वरको इच्छामा। तिनीहरु येशू ख्रीष्टको रगतको दोषी छन्, उहाँलाई अहिले क्रूसमा चढाएकोमा। हो, श्रीमान। पुरै अभियोग!

275 पत्रुसले तिनीहरुलाई अभियोग लगाए, पेन्टिकोष्टको दिनमा। उनले भने, "तिमीहरुका दुष्ट हातले जीवनको राजकुमारलाई क्रूसमा चढायौ, जसलाई परमेश्वरले बौरी उठाउनुभयो। हामीहरु साक्षी छौ। उनले एउटा अभियोग ल्याए।

276 म परमेश्वरको वचन लिन जाँदैछु, त्यहाँ भएका हरेक सम्प्रदायलाई अभियोग लगाउनेछु, र पृथ्वीमा भएका हरेक मानिसहरु, जो येशू ख्रीष्टको रगतको दोषी छन्। त्यस दिनमा उहाँको अधिवक्ता हुनको निम्ति परमेश्वर मलाई सहायता गर्नुहोस्। आमेन। हो।

277 ओ, गिल्ला गर्नेहरुले उहाँको मजाक उडाए। तिनीहरुले उहाँको निन्दा गरे। उहाँ ठिक त्यसमा बस्नुभयो। आमेन। ओ! हेर्नुहोस् उहाँले के गर्नुभयो। उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ, पापलाई मृत्युमा पुराउन आफूले मृत्यु भोग्नुभयो। उहाँले त्यसो गर्नुपर्थ्यो। त्यो...यसलाई मृत्युमा राख्ने त्यो मात्रै एउटा तरिका थियो। र उहाँले यो गर्नुभयो, र यसमा उभिनुभयो, किनभने सबै बाकि रहेका अरुले गरे।

278 किनभने, विगतमा तिनीहरु सबैजनासँग परमेश्वरको सानो वचन थियो। किनभने, येशूले त्यसो भन्नुभयो। "परमप्रभुको वचन—अगमवक्ताहरुकहाँ आयो। र तिनीहरु मध्ये कुनचाहिँ," उहाँले भन्नुभयो, "कि तिमीहरुका पिताहरु, तिम्रो संगठित धर्मले, ढुङ्गाले हानेर मारेनन्? ती मध्ये कुनले

अगमवक्ताहरु स्वीकार गरे? तब तिनीहरु गएपछि तिमीले तिनीहरुको चिहान बनाउछौ।" भन्नुभयो, "तिनीहरुलाई त्यहाँ राख्नको लागि तिमीहरु दोषी छौ।"

279 त्यसपछि उहाँले तिनीहरुलाई दाखबारीको दृष्टान्त दिनुहुन्छ, र दासहरु आउछन्। तिनीहरु उनीहरुलाई दुर्व्यवहार गरे, त्यसपछि अनन्तः भने, "अब हामी पुत्रलाई मार्नेछौ, किनभने उहाँ उत्तराधिकारी हुनुहुन्छ।" बुझ्नुभयो? ओ, जब तिनीहरुले त्यो देखे तिनीहरु रिसाए। बुझ्नुभयो?

280 तर उहाँले निन्दाको सामना गर्नुपर्थ्यो। र यहाँ उहाँले आफैलाई बाँध्नुभएको छ, मृत्युमा डोहोर्याउनुभएको छ, मृत्युमा राख्नको लागि, अनन्त जीवन फर्काएर ल्याउनको लागि। परमेश्वरको महिमा होस्! ओ, म उहाँलाई कति प्रेम गर्छु! अनन्त जीवन फर्काएर ल्याउन र परमेश्वरको हरेक पुत्रलाई उठाउन, तल युगौ देखि, जो त्यस वचनसँग खडा भए र निन्दा लिए। त्यो सहि हो।

281 यदि उहाँ नआउनुभएको भए, नोआ उठाउन सकिदैन थियो। यदि उहाँ नआउनुभएको भए, एलिया फर्केर आउन सक्दैन थिए। यदि उहाँ नआउनुभएको भए, नोआ कहिल्यै पनि उठ्ने थिएनन्, यदि उहाँले सक्नुहुन्न भने...यदि उहाँ नआउनुभएको भए। किनकि, उहाँ त्यो पूर्वनियुक्त भएको थूमा हुनुहुन्थ्यो, जसले आफैमा त्यो निन्दा लिनको लागि आउनुभयो, र परमेश्वरको हरेक वचनको लागि मृत्यु मर्नको लागि जुन बोलिएको थियो, र जसको लागि यी धार्मिक मानिसहरु खडा भएका थिए। उहाँ हुनुपर्थ्यो। कसैले पनि यो गर्न सक्दैन थियो। परमेश्वर आफै, र उहाँ आउनुभयो र त्यो स्थान लिनुभयो, ताकी उहाँले उद्धार गर्न र अनन्त जीवन दिन सक्नको लागि हरेक परमेश्वरको पुत्रहरुको निमित्त जो उही वचनको निम्ति खडा हुने थिए र निन्दा सहने थिए। परमेश्वरको हरेक पुत्र, युगौदेखि, जसले निन्दाको सामना गर्नेछ, उसलाई उद्धार गर्न त्यहाँ कोहि पनि थिए, तर विश्वासद्वारा उनले उद्धारकर्ता आउदै गर्नुभएको देखे।

282 अय्यूबले उहाँलाई देखे। अय्यूब पछाडि त्यहाँ उभिए, र तिनीहरुले भने, "ओ, तिमी एउटा गोप्य पापी हौ। परमेश्वरले केवल तिमीलाई सबक दिदै हुनुहुन्छ, किनकि तिमी एउटा गोप्य पापी हौ।"

283 तिनले भने, "म जान्दछु मेरो उद्धारकर्ता जिउनुहुन्छ। अन्तिम दिनहरुमा उहाँ पृथ्वीमा खडा हुनुहुनेछ। छालाको किराले यो शरीरलाई

विनाश गरे पनि, तरै पनि, मेरो शरीरमा म परमेश्वरलाई देख्नेछु।"

284 उसको श्रीमतीले भनिन्, "तपाई किन उहाँलाई सरापेर मर्नुहुन्न?" भनिन्, "तपाई एउटा दुखी दुराचारी जस्तो देखिनुहुन्छ।"

285 उसले भन्यो, "तिमी एउटा मूर्ख स्त्री जस्तै बोल्छौ।" आमेन। त्यहाँ उनी थिए। "म जान्दछु उहाँ जिउनुहुन्छ, र उहाँ अन्तिम दिनमा खडा हुनुहुनेछ।"

286 यदि येशू नआउनुभएको भए, अय्यूबको उद्धार हुनसक्ने थिएन, किनकि संसारको जग बसालिनुभन्दा अगाडि मारिनुभएको थूमा हुनुहुन्थ्यो। उहाँले आफ्नो स्थान चिन्नुभएको थियो। उहाँलाई आफ्नो स्थान थाहा थियो।

287 त्यही नै कारण हो, मरियमले त्यस स्थानलाई चिनेकी थिईन्, जुन दिन उनी त्यहाँबाट बाहिर आईन्। उहाँले भन्नुभयो..."यदि म...तपाई यहाँ हुनुभएको भए, मेरो भाई मर्ने थिएन।"

उहाँले भन्नुभयो, "तिम्रो भाई फेरी उठ्नेछ।"

भनिन्, "हो, प्रभु, पुनरुत्थानमा। ऊ एउटा असल केटा थियो।"

येशूले भन्नुभयो, "तर **म** त्यो पुनरुत्थान हुँ। के तिमी यो विश्वास गर्छौ?"

288 उनले भनिन्, "हो, प्रभु, म विश्वास गर्छु कि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ जो संसारमा आउनुपर्थ्यो।"

उहाँले भन्नुभयो, "तिमीले उसलाई कहाँ गाडेका छौ?" ओ! त्यहाँ तपाई हुनुहुन्छ। अम–हम।

289 उनले यो चिनेकी थिईन्। त्यो सानी महिलाले त्यो भनेको होइन। उनीबाट सातवटा दुष्टहरु निकालिएको थियो। उनलाई परमेश्वरको शक्ति थाहा थियो, त्यसले घमण्ड र तनाव र सबैकुरा, उनीबाट टाढा निकाल्न सक्थ्यो, जसले त्यो सानो, स्वार्थी उच्च–विद्यालयको आत्मा उनीबाट बाहिर निकाल्न सक्थ्यो, र उनलाई नयाँ सृष्टि बनाउन सक्थ्यो। उहाँले सातवटा दुष्टहरुलाई निकाल्नुभयो। ती स्त्रीहरुलाई उहाँ को हुनुहुन्थ्यो भनि थाहा थियो, जसले उहाँलाई स्वीकार गरे।

290 तिनीहरुलाई थाहा थियो उहाँले तिनीहरुको निम्ति के गर्न सक्नुहुन्थ्यो भनि। त्यस्तै नै तिनीहरुले आज पनि, जान्दछन्। केवल यसलाई स्वीकार गर्नुहोस्। त्यहि नै कुरा हो।

291 त्यहाँ उहाँ हुनुहुन्छ। उनले त्यो भनिन्। र उहाँ...के घटना घट्यो तपाईलाई थाहा छ। ओ!

292 सबैजना जो उही वचनको लागि दुख भोग्दछन्, उहाँ त्यहि कारणको लागि मर्नुभयो। उहाँ मात्रै एक हुनुहुन्थ्यो जो मर्न सक्नुहुन्थ्यो, यो गर्नलाई, किनकि उहाँ वचन हुनुहुन्थ्यो। उहाँ वचन हुनुहुन्थ्यो, वचन प्रकट गरियो। बाकी सबैमा थोरै गिरावट थियो, तर यहाँ परमेश्वरको पूर्णता थियो, उहाँमा। उहाँ आज नि उही हुनुहुन्छ। हिब्रू १३:८, "येशू ख्रीष्ट हिजो, आज, सधैंभरी एक समान हुनुहुन्छ।" सुन्नुहोस्।

293 म बन्द गर्दैछु, वास्तवमै। म यो गर्न जाँदैछु, केवल गर्नुपर्छ। मेरो धेरै समय नाघिसकेको छ।

294 उहाँले कहिल्यै एउटा शब्द पनि लेख्नुभएन। उहाँले लेख्नुभयो र? [मण्डलीले भन्छ, "होइन।"—सम्पा।] कहिल्यै पनि एउटा वचन लेख्नुभएन। किन? उहाँ वचन हुनुहुन्थ्यो। उहाँ के हुनुहुन्थ्यो? वचन जुन लेखियो, उहाँ त्यस वचनको प्रकटीकरण हुनुहुन्थ्यो। महिमा! ह्यु! अब म राम्रो महसूस गर्दैछु। उहाँ वचन हुनुहुन्थ्यो। उहाँले केहि पनि लेख्नुपर्दैन थियो। उहाँ वचन हुनुहुन्थ्यो, यो लिखित वचन प्रकट गरियो। परमेश्वरको महिमा होस्! उहाँ आज, हिजो, आज र सधैंभरी एक समान हुनुहुन्छ। उहाँ वचन हुनुहुन्छ, वचन प्रकट गरियो।

तपाई भन्नुहुन्छ, "के त्यो सहि हो, भाई ब्रन्हाम?"

295 यहोवा त्यहाँ पछाडि उभिनुभएको र त्यहाँ पारी एउटा छालको धार उडाउनुभएको हेर्नुहोस्, र इस्राएललाई हिड्नको लागि एउटा बाटो बनाउनुभयो।

296 यहोवालाई शरीरमा हेर्नुहोस्, भन्नुभएको, "शान्ति, स्थिर रहो।" जब छालले किनारलाई पिटिरहेको थियो, आँधीबेहरी, र दुष्टले सबै कुरालाई चाटिरहेको थियो, त्यसरी, उहाँले भन्नुभयो, "शान्ति, स्थिर होओ।" र यसले उहाँको आज्ञा पालन गर्यो; बतास र सबै। उहाँ यहोवा हुनुहुन्थ्यो। आमेन।

297 त्यो यहोवा जो वरपर खडा हुनसक्नुहुन्थ्यो र केहि शीत छर्कन सक्नुहुन्थ्यो, यो पृथ्वीमा खस्न दिनुहोस् र मानिसहरुलाई खुवाउनको लागि, रोटि बन्न दिनुहोस्।

298 उहाँ खडा हुनुभयो र पाँचओटा माछा, वा, पाँचओटा रोटि र दुईओटा माछा लिनुभयो, र पाँच हजार जनालाई खुवाउनुभयो।

299 उहाँ वचन हुनुहुन्थ्यो। आमेन। आमेन। उहाँ वचन हुनुहुन्छ, र उहाँ सधै वचन हुनुहुनेछ। र म र मेरो घरको लागि, हामीहरु वचनको सेवा गर्नेछौ।

> ओ, म उहाँलाई हेर्न चाहन्छु, उहाँको मुहारमा हेर्न चाहन्छु,
> उहाँको मुक्तिको अनुग्रहको गीत त्यहाँ सधै गाउछौ;
> महिमाको सडकमा, मेरो आवाज उठाउन दिनुहोस्;
> जब सबै विगत निकाल्छु, अन्तिममा घर, सदाको निम्ति आनन्द गर्न।

300 ओ, मेरो! हो। वचनको निन्दा सहनुहोस्। त्यहाँ वचनसँगै निन्दा पनि हुन्छ। ठिक वचनमा रहनुहोस्, र निन्दा सहनुहोस्।

आउनुहोस् प्रार्थना गरौ।

301 येशू, अर्को रात जस्तै, प्रभु, म कराए, “ओ येशू, तपाईले मलाई के गर्न लगाउनुहुनेछ? मैले के गर्न सक्छु, प्रभु? यी कुराहरु देख्दै, र हामी जिईरहेका घडीलाई बुझेर, म के गर्न सक्छु, प्रभु? म के गर्न सक्छु?”

302 म मेरो सानो मण्डलीको लागि प्रार्थना गर्दछु, प्रभु। म दर्शनको सानो चराहरुको बारेमा सोच्छु, ती कुराहरु जुन घटित भएको छ; र अर्को चराहरु, जुन महान कुराहरु थिए। तर त्यहाँ तिनवटा अलंकृतहरु थिए, प्रभु। तर जब स्वर्गदूतहरु भित्र पसे, त्यहाँ कुनै चराहरु बाकि थिएन। साना सन्देशवाहकहरु अद्भूत थिए, प्रभु, तर म विश्वास गर्छु कि त्यहाँ केहि कुरा हुनको लागि तयारी हुदैछ। हुन दिनुहोस्, प्रभु। हामीलाई ढाँचामा राख्नुहोस् र तपाईको अनुसारको हामीलाई बनाउनुहोस्। हामी—हामीहरु माटो हौँ। तपाई कुमाले हुनुहुन्छ।

303 यस क्रिसमसको पूर्वसन्ध्यामा, प्रभु, हामी परमेश्वरको वरदानको लागि आभारी छौ, परमेश्वरले हामीलाई दिनुभएकोमा। यो केहि भए तापनि, जस्तो कि हामीले हाम्रो हृदयमा विश्वास गर्छौ, कुनै दिनको मूर्तिपूजक अन्धविश्वास जुन तिनीहरुले यसलाई ढाल्न खोजेका छन् र यसलाई एउटा—एउटा समूह जस्तो बनाउन खोजेका छन्, ख्रीष्टको समूह, तर हामीहरु स्यान्टा क्लज र क्रिसमसको रूख र—र सजावटको तरिकामा आईरहेका छैनौ। तर हामी प्रभु येशूको नाउँमा आउदैछौ, स्वर्गको परमेश्वरलाई आराधना गर्न,

जो देहधारी हुनुभयो, हामी जस्तै शरीरमा, र हाम्रो माझमा वास गर्नुभयो, हामीलाई उद्धार गर्नको लागि; र नामको निन्दा भोग्नुभयो, क्रूसको निन्दा भोग्नुभयो, इम्मानुएललाई मृत्युमा लान संसारिक संस्थालाई दिनुभयो, ताकी उहाँले हाम्रो निम्ति अनन्त जीवन ल्याउन सक्नुभएको होस्।

304 हामी को हौ, प्रभु? हामी को हौँ, जसले कुनै पनि निन्दाबाट अलग रहनुपर्छ? परमेश्वर, हामीलाई वीर सिपाही बनाउनुहोस्। म यी शब्दहरु तपाईमा सुम्पन्छु, पिता। तिनीहरु टुटेका हुनसक्छन्; म जस्तै थकित र गलेका हुन सक्छन्। तर, पिता, यी मानिसहरुलाई बसेर सुनेकोमा इनाम दिनुहोस्। र हुनसकोस् त्यो शक्ति जसले हाम्रा प्रभुलाई माथि ल्याएको होस्, र उहाँलाई यहाँ मुक्तिदाताको निम्ति हामीमा प्रस्तूत गर्यो, यो अन्तिम दिनहरुमा, यसले यहाँ भएका सबै आत्मालाई, प्रभु, प्रभु येशूको आगमनको निकटतासम्म जोगाएको होस्। यो त्यस्तै नै होस्, पिता।

305 हामी माझमा भएका बिरामी र दुखीहरुलाई निको पार्नुहोस्। टुटेका–हृदयहरुलाई पट्टि लगाउनुहोस्। प्रभु, हामी...हामीहरु धेरैबाट भएर गएका छौ, मेरो हृदयमा यति धेरै घाउहरु छन्, प्रभु, कठिन लडाईहरुबाट गएका छौ। म एउटा पुरानो दिग्गज हुँ। मलाई सहायता गर्नुहोस्, प्रभु। मलाई तपाईको मद्दत चाहिन्छ। शायद यी सबै तालिम एउटा उदेश्यको निम्ति भएको हुनसक्छ। म विश्वास गर्छु कि यो भएको छ, प्रभु। मलाई मद्दत गर्नुहोस्, ओ परमेश्वर। र यस मण्डलीलाई सहायता गर्नुहोस्। र हामीलाई एकसाथ, आशिष दिनुहोस्।

306 साना बच्चाहरुलाई आशिष दिनुहोस्। म आज धेरैको बारेमा सोचिरहेको छु, साना, गरीब साना मित्रहरुले त्यहाँ केहिपनि प्राप्त गर्दैनन्। र म—म प्रार्थना गर्छु कि तपाई तिनीहरुसँग हुनुहुनेछ र तिनीहरुलाई सहायता गर्नुहुनेछ। तिनीहरुलाई अनन्त जीवन दिनुहोस्, प्रभु। त्यो नै महान...त्यो क्रिसमसको उपहार हो जुन हामीले चाहन्छौ, येशू ख्रीष्टको जीवनले मेरो हृदयमा राज र शाषन गर्न। त्यहि नै म चाहन्छु, प्रभु।

307 हामीलाई आशिष दिनुहोस्, एकसाथ अहिले। हामी यी शब्दहरु तपाईमा सुम्पन्छौ। तिनीहरुलाई जहाँ इच्छा लाग्छ त्यहाँ खस्न दिनुहोस्, प्रभु। जहाँकहिँ पनि त्यो हृदय खोलिएको होस्, तिनीहरुले येशूको नाममा, मुक्तिको महान् समय ल्याएको होस्। आमेन।

308 जो...कतिजनाले उहाँलाई प्रेम गर्नुहुन्छ? जसरी पनि, यति हतारमा

हुनुहुन्छ? ओ, म उहाँलाई प्रेम गर्छु! म उहाँलाई प्रेम गर्छु। "प्रभु, मैले के गरेको तपाई चाहनुहुन्छ?"

309 आज रातिको सेवाहरु नबिर्सनुहोस्। तपाईलाई थाहा छ कि क्रिसमसको अर्थ के हो? ओ, *यो* मेरो क्रिसमसको उपहार हो। *यो* त्यो वचन हो। प्रभु, यदि मैले आफैलाई दिन सके, यदि मैले आफैलाई त्यस बाटोबाट निकाल्न सके ताकी तपाईको वचनले यो व्यक्त गर्न सकोस्, आफै *यहाँबाट* बाहिर, त्यो—त्यो नै सबैभन्दा ठूलो कुरा हो जुन मैले जानेको छु।

310 अब मलाई लाग्छ उहाँहरुसँग केहि कुरा छ जुन उहाँहरुले बच्चाहरुलाई दिन चाहनुहुन्छ। अब म सेवालाई भाई नेभिलकहाँ दिन्छु। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

भाई नेभिल।

62-1223 वचनको खातिर निन्दा लिनु
ब्रन्हाम टेबरनेकल
जेफेर्सनविल, इन्डियाना यु.एस.ए

NEPALI

©2024 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org